# पञ्चायत स्मारिका

पञ्चायत रजत जयन्ती

ॐ

२०१७ २०४२

पञ्चायतको चाहना शान्ति र सिर्जना

दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती

महोत्सव

केन्द्रीय समन्वय समिति

# पञ्चायत स्मारिका

# पञ्चायत स्मारिका

दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव
केन्द्रीय समन्वय समिति

प्रकाशकः दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव केन्द्रीय समन्वय समिति,
ज्ञानेश्वर, काठमाडौं

मितिः २०४३ पौष १ गते

मुद्रकः गोरखापत्र संस्थान
धर्मपथ, काठमाडौं



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकार



श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकार



# भूमिका

दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको रजत जयन्ती वर्ष अत्यन्तै उत्साह र उमंगका साथ विविध र बहुपक्षीय कार्यक्रमसहित मनाएर नेपाली जनताले पञ्चायत व्यवस्थाको औचित्य र अनिवार्यतालाई व्यक्त गर्दै यस व्यवस्थालाई शाश्वत र स्थायी तुल्याउने दिशामा अरू उल्लेखनीय योगदान पुऱ्याएका छन्। दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले गत २५ वर्ष (२०१७–०४२) का अवधिमा लगभग सबै क्षेत्रमा यसभन्दा पहिलेका अवस्थामा विद्यमान शून्य वा नगण्य विकासको स्थितिका ठाउँमा कसरी राजनैतिक, सामाजिक आर्थिक एवं शैक्षिक–सांस्कृतिक विकासका पूर्वाधारहरू मुलुकमा सिर्जना गर्न सकेको छ र पञ्चायत व्यवस्थालाई जनताले आफ्नै र मुलुकको हितको लागि अनिवार्य भनेर विश्वास गरी व्यवस्थाको विकासमा सहभागी हुनुमा के कस्ता कारक तत्त्वहरू जिम्मेवार छन् भन्ने कुरा इतिहास र घटनाक्रमको वस्तुगत विश्लेषणबाट अवगत हुने अवसर सबैलाई प्राप्त होस् भन्ने उद्देश्यबाट प्रस्तुत स्मारिका प्रकाशित गरिएको छ। यो स्मारिका पाँच भाग र सन्ताउन्न परिच्छेदमा बाँडिएको छ।

स्मारिकाको भाग एक अन्तर्गत पाँच परिच्छेदहरू नेपालको राजनैतिक विकासक्रम र यसका विशेषताहरूसँग सन्दर्भित छन्। उच्च हिमाल, विकट पहाड, ठूलाठूला नदी–नाला र बृहद् वन–जंगलको भौगोलिक पृष्ठभूमिमा भाषा, संस्कृति, जाति र धर्मको विविधता भएको नेपाली भूखण्डलाई राजनैतिक तथा सामाजिक–सांस्कृतिक दृष्टिकोणले एकीकरण गर्न विलक्षण नेतृत्वको अभावमा सम्भव थिएन भने विक्रमका उन्नाइसौं शताब्दीका थालनीतिर तत्कालीन नेपालको यही विविधता र विशेषता हृदयंगम गर्दै नेपाल अधिराज्यको बनोटमा तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहको उदय र त्यसबाट नेपाल अधिराज्यको एकीकरण सम्भव रहेको तथ्यको ऐतिहासिक विवेचना यस भाग एक अन्तर्गत प्रथमतः भएको छ। राष्ट्रको एकीकरणको जग राष्ट्रका जनताका आस्था, आकांक्षा र सहमतिमा तथा तिनै जनता र राष्ट्रको सर्वाङ्गीण हितमा समर्पित हुने संस्थाको नेतृत्वमा हुँदा नै राष्ट्र सुदृढ र विकसित हुँदै जाने तथ्य अनुरूप नै श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको पालादेखि नै राजसंस्थाबाट नेपाल र नेपालीको हितको लागि सक्रिय र गतिशील नेतृत्व प्रदान गरिएबाट नै नेपाल अधिराज्यको एकीकरण, प्रजातन्त्रीकरण र आधुनिकीकरण सम्भव भएको हो भन्ने वास्तविकता समेत प्रष्ट हुन्छ। नेपालमा राजसंस्था किन अपरिहार्य छ, यही संस्थामै राष्ट्रको प्रभुसत्ता जनआस्थाबाटै किन प्रतिष्ठित छ र किन राजसंस्थाबाट मात्र नेपालमा स्थिरता र आधुनिकीकरण सम्भव छ र रहने छ भन्ने कुरा इतिहास, परम्परा र संस्कृतिसँग विकसित घटनाचक्रको विश्लेषणबाटै बुझ्न सघाउ पुग्दछ। यस भाग अन्तर्गतका नेपाल अधिराज्यको एकीकरण र राजसंस्थाको अपरिहार्यतासम्बन्धी परिच्छेदहरूबाट यिनै तथ्यलाई प्रष्ट पार्न खोजिएको छ।

हाम्रा संस्कृति, संस्कार, धर्म र परम्परासँग हाम्रो राजनीतिलाई संयोजित गर्ने सफल प्रयोग २०१७ पूर्व किन हुन सकेन? पञ्चायत व्यवस्थाको प्रवर्तनपूर्वका अवधिमा अनुकरण गर्न खोजिएको राजनैतिक अभ्यास किन सफल हुन सकेन? नेपालको एकीकरणको जग हालेदेखि नै शुरू भएको राजा र जनताबीचको आत्मीय सम्बन्धको आधारलाई दरिलो पार्दै राष्ट्रियता र राष्ट्रिय प्रजातन्त्रलाई सुरक्षित र विकसित गर्न सक्ने राजनैतिक प्रणालीको प्रादुर्भाव नेपालमा किन आवश्यक ठानियो? राजाबाट सूत्रपात भएको दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्था के कस्ता मान्यताहरू अँगालिएका कारणले जनतामा शुरूदेखि नै मान्य भयो र यस व्यवस्थाका के कस्ता उपलब्धिको कारणबाट जनमत संग्रहमा जनताले यही व्यवस्थाको पक्षमा आफूलाई उभ्याए? विगत २५ वर्षसम्म राजनेतृत्वका छहारीमा यो व्यवस्थाले राजनैतिक स्थिरता कायम गरी आधुनिकीकरणका दिशामा लम्कन के कस्ता माध्यमहरू अपनाएर जनताको सहभागिता र सहमतिका आधारहरू सुदृढ गर्दै लगेको छ? त्यस्तै यस व्यवस्थाको भविष्यलाई सुनिश्चित गराउने आधार के हुन्? यी प्रश्नहरूलाई राजनैतिक इतिहासका घटनाचक्र र विशेषताका आधारमा हेर्ने प्रयास भाग १ का बाँकी परिच्छेदमा भएको छ।

स्मारिकाको दोस्रो भाग अन्तर्गत आर्थिक तथा सामाजिक क्षेत्रका विविध पक्षहरूमा विगत पच्चीस वर्षमा भएका उल्लेखनीय प्रगति र परिवर्तनहरूको तथ्यपूर्ण विवरण र विश्लेषण २३ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ। आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक मानवीय, संस्थागत तथा भौतिक पूर्वाधारको प्रायः शून्य स्थितिबाट नेपालले आफ्नो विकास प्रक्रिया प्रारम्भ गर्नु परेको तथ्य ती परिच्छेदहरूबाट स्पष्ट हुन्छ। २००७ सालको राजनैतिक परिवर्तनपछिको दशक पनि राजनैतिक अस्थिरता र आपसी खिंचातानी जस्ता जटिलतामा नै अलमलिंदा देशको पहिलो विकास योजनाको प्रारम्भ यसै अवधिमा भए तापनि कुनै ठोस प्रगति भने हुन पाएन। भौगोलिक स्थिति, सीमित खेतीयोग्य जमीन, जनसंख्याको चाप, प्राकृतिक साधनको कमी, एक शताब्दी लामो निरंकुश राणा शासनको अभिशाप जस्ता कारणले गर्दा नेपालको विकासप्रक्रिया अन्य विकासोन्मुख देशहरूको भन्दा निकै कठिन रहे तापनि पञ्चायत व्यवस्थाको प्रादुर्भाव पछि कार्यान्वयन भएका त्यसपछिका पाँचवटा आवधिक योजनाहरूबाट राष्ट्रिय अर्थतन्त्रलाई पारम्परिक जडताबाट मुक्त गरी द्रुततर विकासको लागि चाहिने संस्थागत आधार तथा भौतिक पूर्वाधारको निर्माणका साथै उत्पादन, बचत, लगानीसंचालनक्षमता जस्ता विषयहरूमा हासिल हुन सकेको प्रगति र परिवर्तन कुनै पनि मापदण्डबाट कम उल्लेखनीय मान्न सकिंदैन। यसरी कृषि, उद्योग, व्यापार, विद्युत्, बाटो–घाटो, संचार, शिक्षा, स्वास्थ्य तथा वित्तीय, मौद्रिक एवं अन्य संस्थागत व्यवस्थाको विकास र विस्तार जस्ता कार्यमा भएको लगानीबाट भावी विकास प्रक्रिया अझ बढी गतिशील हुनाका साथै विकासको प्रत्यक्ष प्रतिफल पनि गुणोत्तर रूपले वृद्धि गर्दै लैजान सक्ने क्षमता देशले हासिल गरिसकेको छ। विकास योजना र प्रगति बारेको चर्चा–परिचर्चा, वाद–विवाद र आलोचना–प्रत्यालोचना जस्ता आम जनस्तरमा देखापरेको विकासप्रतिको चासो, चेतना र जागरण विगत २५ वर्षको विकास प्रक्रियाको अर्को सकारात्मक प्रतिफल मान्न सकिन्छ।

राष्ट्रनायक **श्री ५ महाराजाधिराज सरकारबाट** समय समयमा बक्स भएका निर्देशन र मार्गदर्शन बमोजिम योजनाको उद्देश्य, प्राथमिकता र कार्यक्रममा पाँचौ योजनादेखि निश्चित रूपले परिवर्तन आएको थियो। जनमुखी उत्पादनमा वृद्धि गर्ने, आधारभूत आवश्यकता पूरा गर्ने, उत्पादनशील रोजगारी वृद्धि गर्ने, प्रादेशिक सन्तुलन कायम गर्ने, स्थानीय पञ्चायतहरूको माध्यमद्वारा स्थानीय साधन र स्रोतको परिचालन गरी स्थानीय विकास कार्यक्रम संचालन गर्ने जस्ता उद्देश्यहरूले पाँचौ योजनादेखि प्राथमिकता पाई सोही अनुसार उपलब्ध साधनको बाँडफाँड र कार्यक्रमको तर्जुमा भई कार्यान्वयन हुँदै आएको थियो। तर आधारभूत आवश्यकताहरू

निर्धारित गरी पूरा गर्ने लक्ष्य संख्यात्मक हिसाबले यकीन भएको थिएन, न त त्यस्तो लक्ष्य पूरा गर्ने समयावधि नै निश्चित गरिएको थियो। त्यसैले स्वयं राष्ट्रनायक **श्री ५ महाराजाधिराज सरकारबाट** २०४२ साल पुस १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस र दलविहीन पञ्चायत व्यवस्थाको रजत जयन्तीको उपलक्ष्यमा शाही सैनिक मञ्चमा आयोजित समारोहलाई सम्बोधन गरिबक्सँदै सम्पूर्ण नेपाली जनताको लागि खाद्यान्न लत्ता–कपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत आवश्यकताहरू पूरा गरी सन् २००० सम्ममा एशियाली मापदण्डबाट उपयुक्त र मानवोचित जीवनस्तर हासिल गर्ने ऐतिहासिक आह्वान बक्सेको हो। आर्थिक तथा सामाजिक क्षेत्रमा विगत २५ वर्षको अवधिमा भएको प्रगतिको आधारमा उपयुक्त योजना, कार्यक्रम र राजनैतिक प्रतिबद्धताको माध्यमद्वारा आउँदो पन्ध्र वर्षमा सम्पूर्ण नेपालीका आधारभूत आवश्यकता पूरा गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्नको लागि सम्पूर्ण राष्ट्रिय शक्ति र साधन परिचालन हुनुपर्ने आजको सर्वोपरि आवश्यकताबारे पनि यसै भागमा प्रकाश पार्ने प्रयास गरिएको छ।

स्मारिकाको तेस्रो भागस्वरूप शिक्षा र संस्कृति खण्ड अन्तर्गत शिक्षासँग सम्बन्धित एक र संस्कृतिका विभिन्न क्षेत्रसँग सम्बन्धित नौ गरी जम्मा दश परिच्छेद छन्। संस्कृति क्षेत्रसँग सम्बन्धित नौ परिच्छेदहरूले क्रमशः भाषा, साहित्य, कला, संगीत, रंगमञ्च, लोकसंस्कृति, पुरातत्त्व र इतिहास, धर्म र अध्यात्म तथा खेलकूद क्षेत्रलाई अँगालेका छन्।

यी दश परिच्छेदले स्व. श्री ५ महेन्द्र र राष्ट्रनायक **श्री ५ वीरेन्द्रका** गौरवपूर्ण राज्यकालमा दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको प्रवर्तन यताका गत पच्चीस वर्षमा शिक्षा र संस्कृतिका विकासका दिशामा भएका मुख्य प्रयासहरूको चित्रण गरी तिनका प्रमुख उपलब्धिहरूको विवेचना प्रस्तुत गरेका छन्। यस क्रममा आवश्यक पृष्ठभूमि दिई तत् तत् क्षेत्रको २०१७ साल पूर्वको स्थितिको चित्रण गरी त्यसैका सापेक्षतामा गत पच्चीस वर्षमा ती क्षेत्रमा हुन आएका विकासका सूचक मुख्य मुख्य उपलब्धिहरूको मापन तथा मूल्यांकन यी दश परिच्छेदमा गरिएको छ।

विगत पच्चीस वर्षमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८–३२) का पूर्वापर सन्दर्भमा शिक्षामा सरकारी लगानी र जनस्तरीय सहभागिताका मात्रामा के कति वृद्धि भयो र साक्षरता र प्रादेशिक वितरण एवं विषयक्षेत्र तथा शैक्षिक तहका दृष्टिले पनि शिक्षाको विस्तार र गुणात्मक समुन्नयन के कति भयो भन्ने कुरा यस तेस्रो भागमा प्रथमतः केलाइएको छ। यसबाट साक्षरताका प्रतिशतमा वृद्धि, पाठ्यपुस्तक सहित निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था, नि.मा.विद्यालय र मा.वि. स्तरको शिक्षाका साथै साधारण उच्च शिक्षासमेतको तीव्र विस्तार एवं प्राविधिक उच्च शिक्षाको सुस्पष्ट पूर्वाधारको रचना, विषयगत अनुसन्धान पर्यावरणको अभ्युदय एवं सक्षम प्राज्ञिक जनशक्तिको समेतको अभ्युदय जस्ता प्रवृत्तिगत सूचकहरूका आधारमा यस पच्चीस वर्षमा शिक्षाको विस्तार र गुणस्तरको समुन्नयनको दोहोरो प्रक्रिया निकै नै गतिशील र प्राप्तिपूर्ण समेत रहेको निष्कर्ष देखापर्न आएको छ।

विगत पच्चीस वर्षमा संस्कृति क्षेत्रमा भाषा, साहित्य, कला, संगीत, रंगमञ्च, लोकसंस्कृति, पुरातत्त्व र इतिहास, धर्म र अध्यात्म एवं खेलकूद विषयका क्षेत्रमा अपेक्षित रचनात्मक र प्रेरणादायी पर्यावरणका निर्माणमा के कति सरकारी तथा जनस्तरीय प्रयास भएर राष्ट्रिय परम्परा र अन्तर्राष्ट्रिय आयाम समेतका सन्तुलित सन्दर्भमा के कति साधनका साथै समुन्नति हुन सक्यो भन्ने कुरा यस तेस्रो भागका बाँकी परिच्छेदहरूमा विवेचना गरिएको छ। यस क्रममा यी सबै विषय क्षेत्रहरूमा साधन र स्रोतले भ्याएसम्म देशका प्रतिभाहरूलाई प्रोत्साहित र समाहित गर्ने एवं रचनात्मक अवसर र सुविधा प्रदान गर्दै जाने प्रक्रियामा विगत पच्चीस वर्षमा संस्थागत र वैयक्तिक तहमा पनि उल्लेख्य वृद्धि भई यी सबै विषयक्षेत्रमा राष्ट्रिय पुनर्जागरणको क्रम तीव्र रहेको अनि आफ्ना उज्ज्वल पूर्व परम्परा तथा अन्तर्राष्ट्रिय आयामका बीच रचनात्मक सन्तुलन स्थापित गर्ने बढ्दो अभिरुचि सहित यी प्रत्येक विषयक्षेत्रमा पुराना–नयाँ प्रतिभाहरू साधनशील रही परिमाणात्मक विस्तारसँगै स्तरीयताको वृद्धि समेत भएको निष्कर्ष प्रकट हुन आएको छ। यस अढाई दशकमा देशको भौतिक विकासको क्रमसँगै सांस्कृतिक, सिर्जनात्मक र आत्मिक पक्षको समुन्नयनमा पनि पर्याप्त जोड दिइएको तथ्य समेत यी परिच्छेदबाट प्रष्टिन आएको छ।

यस स्मारिकाको चौथो भाग अन्तर्गतका परिच्छेदहरू नेपालको प्रशासनिक एवं न्यायिक व्यवस्थामा भएका महत्त्वपूर्ण सुधार र विकासक्रमसँग सन्दर्भित छन्। स्वर्गीय श्री ५ महेन्द्रका राज्यकालमा नेपालको प्रशासनिक अवस्थामा सुधारल्याई प्रशासनिक सक्षमताको विस्तार गर्ने क्रममा आवश्यक पूर्वाधारहरूको सिर्जना र सुदृढीकरण गर्न के कस्ता कदमहरू चालिएका थिए र दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सूत्रपात भएपछिका वर्षहरूमा शोषणविहीन समाजको स्थापना गर्ने व्यवस्थागत लक्ष्यमा पुग्न प्रशासनलाई प्रभावकारी तुल्याउन के कस्ता प्रयासभए भन्ने कुरा यस भागको प्रशासनसम्बन्धी परिच्छेदमा विश्लेषण गरिएको छ। यसका साथै **श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवद्वारा** विकासको लागि राजनीति प्रयुक्त गरी मुलुकलाई आधुनिकीकरणको दिशामा डोऱ्याउन राखिबक्सेको उद्देश्य अनुरूप हालसम्म तालीम प्रदान गरी, दक्षता बढाई प्रशासनिक स्तर वृद्धि गर्न तथा प्रशासनलाई समयानुकूल ढंगले प्रभावकारी तुल्याउन के कस्ता नीतिगत एवं संस्थागत प्रयासहरू भएका छन् भन्ने तथ्यलाई पनि प्रष्टयाउने प्रयास उक्त परिच्छेदमा गरिएको छ।

यसै भाग अन्तर्गत कानूनी पक्षको विकाससँग सम्बन्धित परिच्छेदमा विगत अढाई दशकमा कानून र सामाजिक सुधारमा भएको प्रावधानको सर्वेक्षण गर्दै नेपालको न्यायप्रणाली र कानूनप्रतिको प्रतिबद्धता तथा अन्तर्राष्ट्रिय कानून र वैदेशिक सम्बन्ध तथा समझदारीको प्रवर्धनमा नेपालको प्रयासको विश्लेषण गर्नाका साथै नेपालको सवैधानिक विकास र दलविहीन पञ्चायती प्रजातन्त्रको अभ्युदयको ऐतिहासिक आवश्यकतामाथि प्रकाश पारिएको छ।

यस स्मारिकाको पाँचौ भाग वैदेशिक नीतिसँग सम्बन्धित रहेको छ। नेपालको वैदेशिक नीतिलाई निर्धारित गर्ने प्रमुख तत्त्व हाम्रो भूराजनैतिक स्थिति नै भएको कुराको ज्ञान राष्ट्र निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई स्पष्ट रूपमा थियो। दुई विशाल र शक्तिशाली राष्ट्रहरू बीच भूपरिवेष्टित राष्ट्र नेपालले आफ्ना छिमेकीहरूसित कुन प्रकारको सम्बन्ध राख्नु पर्दछ भन्ने प्रश्नलाई श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट 'दिव्य उपदेश' मा सारगर्भित र दीर्घकालीन उत्तर बक्सेको हो। सामान्यतया इशवीय १८ औं शताब्दीदेखि हालसम्म नेपालको परराष्ट्र नीति राष्ट्रनिर्माताबाट बक्सेको दिव्य उपदेशमा उल्लिखित मार्गदर्शनअनुसार नै चल्दै आएको छ। यिनै मार्गदर्शनको जगमा नेपालले असंलग्न परराष्ट्र नीतिको अवलम्बन गरी क्षेत्रीय एवं अन्तर्राष्ट्रिय स्तरमा निर्वाह गरेको प्रभावकारी र उल्लेखनीय भूमिकासँगै विकसित हुँदै आएको नेपालको वैदेशिक नीतिको विकासक्रमको निरूपण यसै भागको वैदेशिक विश्लेषण सम्बन्धी परिच्छेदमा भएको छ। यसै गरी विभिन्न राष्ट्रहरूसितको नेपालको द्विपक्षीय सम्बन्धका हकमा विगत पच्चीस वर्षमा जुन द्रुतगतिले प्रगति भएको छ त्यो जगजाहेर तथ्य हो। आज विश्वभरि नै हाम्रा मित्रहरूको संख्या पहिलेको दाँजोमा अतुलनीय रूपमा बढेको छ। विश्वसमुदायले नेपालप्रति आफ्नो शुभेच्छा र मैत्री भावनालाई स्पष्ट रूपमा प्रदर्शित गरेको प्रमाणका रूपमा **श्री ५ वीरेन्द्रबाट** प्रस्तावित नेपाललाई शान्तिक्षेत्र घोषित गर्ने प्रस्तावप्रति हालसम्म

विश्वका ७९ भन्दा बढी राष्ट्रहरूले प्रकट गरेको समर्थनलाई लिन सकिन्छ। यस परिच्छेदमा आज नेपालले अन्तर्राष्ट्रिय जगत्मा प्राप्त गरेको सद्भावना र प्रतिष्ठा विगत पच्चीस बर्षमा यस क्षेत्रमा गरिएको अथक प्रयत्नको प्रतिफल हो भन्ने कुरा प्रष्ट पार्ने प्रयास पनि यस परिच्छेदमा भएको छ।

यसरी संक्षेपमा भन्ने हो भने यस स्मारिकाले पञ्चायती व्यवस्थाले गत २५ बर्षको अवधिमा राजनैतिक, आर्थिक, सामाजिक शैक्षिक,सांस्कृतिक,प्रशासनिक एवं न्यायिक र बैदेशिक सम्बन्धका क्षेत्रमा भए-गरेका मुख्य प्रयास र प्राप्त भएका प्रमुख उपलब्धिहरूको सार तत्त्वलाई प्रस्तुत गर्ने प्रयास गरेको छ।

**दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव**

**केन्द्रीय समन्वय समिति**

**२०४२**

# दलविहीन पंचायती प्रजातन्त्र रजत जयन्ती महोत्सव
## केन्द्रीय समन्वय समिति

२०४२

अध्यक्ष श्री नवराज सुवेदी—संयोजक—(२०४३।६।३ देखि)

सदस्यहरू

प्रधानमन्त्री श्री मरीचमान सिंह श्रेष्ठ
श्री मातृका प्रसाद कोइराला
डा. श्री तुलसी गिरी (संयोजक २०४३।६।३ सम्म)
श्री सूर्य बहादुर थापा
श्री कीर्तिनिधि विष्ट
श्री नगेन्द्र प्रसाद रिजाल
श्री लोकेन्द्र बहादुर चन्द
श्री विश्वबन्धु थापा
श्री राजेश्वर देवकोटा
श्री ललित चन्द
श्री नयन बहादुर स्वाँर
श्री रामहरि शर्मा
श्री शैलेन्द्र कुमार उपाध्याय
श्री पशुपति शमशेर ज. ब. रा.
श्री भरत बहादुर प्रधान
श्री वेदानन्द झा
श्री खड्ग बहादुर सिंह
श्री कमलराज रेग्मी
श्री मकेश्वर प्रसाद सिंह
डा. श्री मोहम्मद मोहसिन
श्रीमती कमला न्यौपाने
श्री अच्युतराज रेग्मी
श्री पशुपति गिरी
श्री गोपाल दास श्रेष्ठ
श्री नरेन्द्र बहादुर चन्द—सदस्य सचिव

# धन्यवाद ज्ञापन

दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सवका उपलक्ष्यमा दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव केन्द्रीय समन्वय समितिले पञ्चायत स्मारिका प्रकाशन गर्ने निर्णय गरेअनुसार सो कार्य सम्पन्न गराउन राष्ट्रिय पञ्चायतका भू.पू. सदस्य डा. बद्रीप्रसाद श्रेष्ठको संयोजकत्वमा रा.पं.स. डा. मोहम्मद मोहसिन, पञ्चायत नीति तथा जाँचबुझ समितिका सदस्य–सचिव श्री नूतन देव खनाल, त्रिभुवन विश्वविद्यालयका उपकुलपति श्री महेश कुमार उपाध्याय र संयुक्त राष्ट्र संघमा भू.पू. स्थायी नेपाली प्रतिनिधि श्री उद्धवदेव भट्ट सदस्य रहनु भएको एउटा उप–समिति गठन गरेको थियो। सो उप–समितिले सम्बन्धित विषयमा पोख्त निम्नलिखित विद्वद्वर्गको समेत सहयोगबाट यो स्मारिकाको पाण्डुलिपि विशेष परिश्रम गरी समयमै यस केन्द्रीय समन्वय समितिलाई उपलब्ध गराएकोमा उप–समितिका संयोजक एवं सदस्यहरू र सहयोगी विद्वद्जनहरूलाई यो केन्द्रीय समन्वय समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

यसका साथै स्मारिका प्रकाशनमा आवश्यक सहयोग पुऱ्याउने श्री ५ को सरकारका विभिन्न निकायहरू, त्रिभुवन विश्वविद्यालय, गोरखापत्र संस्थान र अन्य सम्बन्धित संघ-संस्थाहरूलाई पनि यो समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

### सहयोगी व्यक्तिहरूको नामावली

१. श्री अच्युत बहादुर राजभण्डारी
२. श्री कालीप्रसाद रिजाल
३. सह प्रा. डा. श्री कुमार बहादुर जोशी
४. श्री केशव राज शर्मा
५. उप प्रा. श्री केशव सुवेदी
६. सह प्रा. श्री गोपीकृष्ण शर्मा
७. प्रा. डा. श्री चूडामणि बन्धु
८. सह प्रा. श्री चेतोनाथ गौतम
९. श्री जगतमोहन अधिकारी
१०. सह प्रा. डा. श्री जगदीश चन्द्र रेग्मी
११. उप प्रा. श्री जीवेन्द्रदेव गिरी
१२. मा. श्री टोपबहादुर सिंह
१३. सह प्रा. श्री ठाकुरप्रसाद पराजुली
१४. प्रा. श्री ढुण्डिराज शर्मा
१५. सह प्रा. डा. श्री दयाराम श्रेष्ठ
१६. सह प्रा. श्री दैवज्ञ राज न्यौपाने
१७. सह प्रा. श्री धनवज्र वज्राचार्य
१८. श्री ध्रुवकुमार देउजा
१९. श्री ध्रुववर सिंह थापा
२०. सह प्रा. डा. श्री नरोत्तम प्रसाद उपाध्याय
२१. श्री प्रचण्ड मल्ल
२२. प्रा. डा. श्री बल्लभमणि दाहाल
२३. श्री बोधिवज्र वज्राचार्य
२४. उप प्रा. डा. श्री मधुनिधि तिवारी
२५. उप प्रा. श्री मनुजबाबु मिश्र
२६. उप प्रा. श्री महादेव अवस्थी
२७. प्रा. डा. श्री मोहनप्रसाद लोहनी
२८. सह प्रा. श्री मोहनराज शर्मा
२९. श्री मंगलकृष्ण श्रेष्ठ
३०. प्रा. डा. श्री युगेश्वर वर्मा
३१. डा. श्री योगेन्द्रमान सिंह प्रधान
३२. सह प्रा. डा. श्री रत्नमान प्रधान
३३. श्री रवीन्द्र शाक्य
३४. श्री रामप्रसाद श्रेष्ठ
३५. श्री रामशरण दर्नाल
३६. सह प्रा. डा. श्री लक्ष्मण कुमार उपाध्याय
३७. श्री लीलाप्रसाद शर्मा
३८. डा. श्री लेखनाथ बेलवासे
३९. प्रा. डा. श्री वासुदेव त्रिपाठी
४०. प्रा. श्री शिवगोपाल रिसाल
४१. श्री सुरेन्द्रलाल श्रेष्ठ
४२. उप प्रा. श्री सूर्यप्रसाद शर्मा ढुंगेल
४३. उप प्रा. श्री सोमनाथ घिमिरे
४४. मा. श्री हरगोविन्द सिंह प्रधान
४५. डा. श्री हर्कबहादुर गुरुंग
४६. सह प्रा. श्री हर्षनारायण धौभडेल
४७. श्री ज्ञानप्रसाद शर्मा

### भाषासम्पादनका सहयोगी व्यक्तिहरूको नामावली

१. उप प्रा. श्री केशव सुवेदी
२. सह प्रा. श्री कोमलनाथ सुवेदी
३. सह प्रा. श्री गोपीकृष्ण शर्मा
४. सह प्रा. श्री धनश्याम उपाध्याय कँडेल

**दलविहीन पञ्चायती प्रजातन्त्र रजत जयन्ती महोत्सव**
**केन्द्रीय समन्वय समिति**
**काठमाडौं**

# विषय सूची

## भाग – १
## राजनैतिक पक्ष
(१-३५)


विषय | पृष्ठ

**परिच्छेद/१**

नेपाल अधिराज्यको बनोट

(क) क्षेत्रीय सन्दर्भ
(ख) ऐतिहासिक पृष्ठभूमि
(ग) भौगोलिक पक्ष
(घ) सामाजिक परिवेश
तालिकाहरू (१–३)

**परिच्छेद/२**

राज्यव्यवस्थाको एकीकरण र प्रादुर्भाव ८–१५

(क) राज्यविस्तार तथा एकीकरण (१७९९–१९०३)
(ख) राणाकालीन निरंकुश राज्यव्यवस्था
(ग) प्रजातन्त्रको युगमा प्रवेश र प्रयोग

**परिच्छेद/३**

राजसंस्थाको अपरिहार्यता १६–१९

(क) हिन्दू वाङ्मयमा राजाको स्थान एवं भूमिका
(ख) सार्वभौमसत्ताका प्रतीक
(ग) राष्ट्रिय सहमतिका आधारस्तम्भ

**परिच्छेद/४**

दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणाली २०–२८

(१) पञ्चायत व्यवस्थाको प्रादुर्भाव
(२) पञ्चायत व्यवस्थाका आधारभूत मान्यताहरू
(३) पञ्चायत व्यवस्थाको विकासक्रम (२०१७–२०४३)

**परिच्छेद/५**

व्यवस्थाको संगठनात्मक स्वरूप र परिचालन २९–३५

१. पञ्चायतको सुसंगठन
२. पञ्चायतका वर्गीय संगठनहरू
३. राजनीतिक परिचालन
४. अधिकारको विकेन्द्रीकरण


## भाग – २
## आर्थिक तथा सामाजिक पक्ष
(३७-२४५)


**परिच्छेद/६**

योजनाबद्ध विकास ३७-६६

१. प्रेरणास्रोत तथा दिशाबोध
२. योजनाबद्ध विकासअघिको स्थिति

विषय पृष्ठ

३. प्रथम पञ्चवर्षीय योजना
४. आर्थिक वर्ष (२०१८/१९)
५. दोस्रो (त्रिवर्षीय) योजना (२०१९/२०–२०२१/२२)
६. तेस्रो योजना (२०२२/२३–२०२७/२८)
७. चौथो योजना (२०२७/२८–२०३१/३२)
८. पाँचौ योजना (२०३२/३३–२०३७/३८)
९. छैटौं योजना (२०३८–२०४२)
१०. विगत पच्चीस वर्षको योजनाबद्ध विकासको समीक्षा
अनुसूची तालिकाहरू (१–९)

परिच्छेद/७

कृषि विकास ६७–९५

१. भूमिका
२. २०१७ सालसम्मको स्थिति
३. पञ्चायती व्यवस्थाको प्रादुर्भावपछिको प्रगति
४. विगत पच्चीस वर्षमा कृषिक्षेत्रमा भएको प्रगतिको समीक्षा
अनुसूची तालिकाहरू (१-११)

परिच्छेद/८

भूमिसुधार, नापी र साना किसान विकास ९६–१०१

१. २०१७ अघिको स्थिति
२. पञ्चायत व्यवस्थाको प्रादुर्भावपछिको भूमिसुधार
३. विगत २५ वर्षभित्र भूमिसुधारक्षेत्रमा भएको प्रगति समीक्षा
४. २०१७ साल अघिसम्मको नापी कार्य
५. पञ्चायत व्यवस्थाको प्रादुर्भावपछि नापी कार्यमा भएको प्रगति
६. साना किसान विकास आयोजना
अनुसूची तालिका (१)

परिच्छेद/९

साझा विकास १०२–१०५

१. २०१७ सम्मको स्थिति
२. पञ्चायत व्यवस्थाको प्रादुर्भावपछिको स्थिति
३. विगत २५ वर्षमा साझा विकासमा भएको प्रगतिको समीक्षा
अनुसूची तालिका (१)

परिच्छेद/१०

वन विकास १०६-११३

१. भूमिका
२. वन व्यवस्था तथा विकास
३. वनस्पति विकास
४. भू तथा जलाधार संरक्षण तथा विकास
५. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण
६. पुनर्वास कार्यक्रम
७. २५ वर्षमा वनक्षेत्रमा भएका उपलब्धिहरूको समीक्षा
अनुसूची तालिकाहरू (१-२)

परिच्छेद/११

उद्योग विकास ११४-१३२

१. २०१७ सालअघिको स्थिति
२. २०१७ सालपछिको स्थिति
३. विगत २५ वर्षको समीक्षा
अनुसूची तालिकाहरू (१-११)

| विषय | पृष्ठ |
| --- | --- |
| **परिच्छेद/१२** | |
| घरेलु उद्योग विकास | १३३–१३६ |
| १. २०१७ सालअघिको स्थिति | |
| २. २०१७ सालपछिको प्रगति | |
| ३. विगत २५ वर्षको प्रगति समीक्षा | |
| अनुसूची तालिकाहरू (१–३) | |
| **परिच्छेद/१३** | |
| खानी तथा भूगर्भ | १३७-१३८ |
| १. २०१७ सालअघिको स्थिति | |
| २. २०१७ सालपछिको स्थिति | |
| ३. विगत २५ वर्षको प्रगति समीक्षा | |
| **परिच्छेद/१४** | |
| वाणिज्य विकास | १३९–१४९ |
| १. भूमिका | |
| २. पहिलो योजनाकाल (२०१३/१४–२०१७/१८) | |
| ३. दोस्रो योजनाकाल (२०१९/२०–२०२१/२२) | |
| ४. तेस्रो योजनाकाल (२०२२/२३–२०२६/२७) | |
| ५. चौथो योजनाकाल (२०२७/२८–२०३१/३२) | |
| ६. पाँचौं योजनाकाल (२०३१/३२–२०३६/३७) | |
| ७. छैटौं योजनाकाल (२०३६/३७–२०४१/४२) | |
| ८. विगत २५ वर्षको वाणिज्य विकासको समीक्षा | |
| अनुसूची तालिकाहरू (१–४) | |
| **परिच्छेद/१५** | |
| पर्यटन विकास | १५०–१५७ |
| १. भूमिका | |
| २. २०१७ सालअघिको स्थिति | |
| ३. २०१७ सालपछिको स्थिति | |
| ४. विगत २५ वर्षको प्रगति समीक्षा | |
| अनुसूची तालिकाहरू (१–६) | |
| **परिच्छेद/१६** | |
| श्रम तथा रोजगारी | १५८–१६४ |
| १. २०१७ सालअघिको स्थिति | |
| २. २०१७ सालपछिको स्थिति | |
| ३. विगत २५ वर्षको समीक्षा | |
| अनुसूची तालिकाहरू (१–६) | |
| **परिच्छेद/१७** | |
| यातायात विकास | १६५–१८० |
| १. भूमिका | |
| २. सडक तथा पुल यातायात सेवा विकास | |
| ३. पञ्चायत व्यवस्थाअघिको स्थिति | |
| ४. पञ्चायत व्यवस्थापछिका उपलब्धि | |
| ५. विगत २५ वर्षको सडक यातायात विकासको समीक्षा | |

विषय | पृष्ठ

६. पञ्चायत व्यवस्थापछि निर्माण भएका महत्त्वपूर्ण राजमार्गहरू
७. हवाई यातायात सेवा विकास
८. विगत २५ वर्षको हवाई सेवा विकासको समीक्षा
९. प्रमुख तथा महत्त्वपूर्ण विमानस्थलहरू
१०. शाही नेपाल वायु सेवा निगमले विगत २५ वर्षमा खेलेको भूमिका
११. अन्य यातायात विकास
अनुसूची तालिकाहरू (१–११)

**परिच्छेद/१८**

संचार विकास — १८१–१८८

१. भूमिका
२. हुलाक सेवा विकास
३. पञ्चायत व्यवस्थाअघिको स्थिति
४. पञ्चायत व्यवस्थापछिको उपलब्धि
५. विगत २५ वर्षको हुलाक सेवा विकासको समीक्षा
६. दूर सञ्चारक्षेत्रको विकास
७. विगत २५ वर्षको दूर सञ्चार विकासको समीक्षा
८. विगत २५ वर्षको अवधिमा केही प्रमुख आयोजनाहरू
९. प्रचार–प्रसार
१०. विगत २५ वर्षको प्रचार–प्रसारतर्फ भएको विकासको समीक्षा

**परिच्छेद/१९**

विद्युत् विकास — १८९–१९३

१. भूमिका
२. पञ्चायत व्यवस्थाअघिको स्थिति
३. पञ्चायत व्यवस्थापछिको विद्युत् विकास स्थिति
४. विगत २५ वर्षको विद्युत्‌क्षेत्र विकासको समीक्षा
५. पञ्चायत व्यवस्था पछिका केही महत्त्वपूर्ण जलविद्युत् आयोजनाहरू
अनुसूची तालिका (१)

**परिच्छेद/२०**

सरकारी वित्तीय स्थिति — १९४–२०२

१. विकास योजना अन्तर्गत वित्तीय स्थिति
२. विकाससम्बन्धी वित्तीय स्थितिमा प्रभाव पार्ने तत्त्वहरू
अनुसूची तालिकाहरू (१–३)

**परिच्छेद/२१**

नेपाल राष्ट्र बैंकको विकास — २०३–२०८

१. २०१७ सालभन्दा पहिलेको स्थिति
२. २०१७ देखि २०१९ सम्मको स्थिति
३. नेपाल राष्ट्र बैंकको गतिविधि (दोस्रो योजना अवधिः २०१९/२०–२०२१/२२)
४. नेपाल राष्ट्र बैंकको गतिविधि (तेस्रो योजना अवधिः २०२२/२३–२०२६/२७)
५. नेपाल राष्ट्र बैंकको गतिविधि (चौथो योजना अवधिः २०२७/२८–२०३१/३२)
६. नेपाल राष्ट्र बैंकको गतिविधि (पाँचौं योजना अवधिः २०३२/३३–२०३६/३७)
७. नेपाल राष्ट्र बैंकको गतिविधि (छैटौं योजना अवधिः २०३७/३८–२०४१/४२)
८. २०१७ देखि २०४२ सम्मको नेपाल राष्ट्र बैंकको गतिविधिको सिंहावलोकन
अनुसूची तालिकाहरू (१–३)

विषय पृष्ठ

**परिच्छेद/२२**

वाणिज्य बैंकहरूको विकास २०९–२१२

१. २०१७ भन्दा पहिलेको स्थिति
२. २०१७ देखि २०१९ सम्मको स्थिति
३. दोस्रो योजना अवधि (२०१९/२०–२०२१/२२) को स्थिति
४. तेस्रो योजना अवधि (२०२२/२३–२०२६/२७) को स्थिति
५. चौथो योजना अवधि (२०२७/२८–२०३१/३२) को स्थिति
६. पाँचौं योजना अवधि (२०३२/३३–२०३६/३७) को स्थिति
७. छैटौं योजना अवधि २०३७/३८–२०४१/४२) को स्थिति
८. २०१७ देखि २०४२ सम्मको समीक्षा
अनुसूची तालिकाहरू (१-२)

**परिच्छेद/२३**

वित्तीय संस्थानहरूको विकास २१३–२१९

१. नेपाल औद्योगिक विकास कर्पोरेशन
२. कृषि विकास बैंक
३. कर्मचारी संचय कोष
४. राष्ट्रिय बीमा संस्थान
५. कर्जा सुरक्षण निगम
अनुसूची तालिकाहरू (१–७)

**परिच्छेद/२४**

विदेशी विनिमय तथा शोधनान्तर स्थिति २२०–२२३

१. २०१७ सालअघिको स्थिति
२. २०१७ सालदेखि २०१९ सालसम्मको स्थिति
३. दोस्रो योजनाकाल (२०१९/२०–२०२१/२२) को स्थिति
४. तेस्रो योजनाकाल (२०२२/२३–२०२६/२७) को स्थिति
५. चौथो योजना अवधि (२०२७/२८–२०३१/३२) को स्थिति
६. पाँचौ योजना अवधि (२०३२/३३–२०३७/३८) को स्थिति
७. छैटौं योजना अवधि (२०३७/३८–२०४१/४२) को स्थिति
८. नेपालको शोधनान्तर स्थिति
९. २५ वर्षको विदेशी विनिमय संचिति स्थिति
अनुसूची तालिकाहरू (१–२)

**परिच्छेद/२५**

मौद्रिक स्थिति २२४–२३०

१. २०१७ सालअघिको मौद्रिक स्थिति
२. २०१७ सालपछिको मौद्रिक स्थिति
३. विगत २५ वर्ष (२०१७–२०४२) को मौद्रिक स्थितिको समीक्षा
अनुसूची तालिकाहरू (१–७)

**परिच्छेद/२६**

जनसंख्यासम्बन्धी विकास २३१–२३७

१. भूमिका
२. जनसंख्या वृद्धि
३. जनसंख्यासम्बन्धी विविध पक्षहरू
४. परिवार नियोजन
५. व्यक्तिगत घटना दर्ता कार्यक्रम
६. निष्कर्ष

विषय पृष्ठ

**परिच्छेद/२७**

समाज कल्याण: नीति तथा प्रासङ्गिक कार्यक्रम २३३–२३७

१. पृष्ठभूमि
२. समाजकल्याणसम्बन्धी न्यायिक एवं कानूनी व्यवस्था
३. समाजकल्याण र प्रासङ्गिक कार्यक्रम
४. निष्कर्ष र उपसंहार

**परिच्छेद/२८**

जनस्वास्थ्य नीति र सान्दर्भिक कार्य योजना २३८–२४५

१. पृष्ठभूमि २०१७ सालपूर्वको स्थिति
२. २०१७ सालपछि जनस्वास्थ्य नीति र कार्यक्रमको स्वरूप
३. खानेपानी, आवास तथा वातावरणीय सफाइ कार्यक्रम
४. निष्कर्ष र उपसंहार

**भाग – ३**
**शैक्षिक तथा सांस्कृतिक पक्ष**
(२४७–३८१)

**परिच्छेद/२९**

शिक्षाक्षेत्रको विकास: शिक्षाक्षेत्रका विगत पच्चीस वर्षका उपलब्धि २४७–२८०

१. पञ्चायत व्यवस्थाको प्रवर्तन हुनुभन्दा अघि (वि.सं. २००७–१७) को शैक्षिक स्थिति
२. पञ्चायत व्यवस्थाको गत पच्चीस वर्षमा विद्यालयशिक्षाका विकासक्रम र उपलब्धिहरू
३. उच्च शिक्षाक्षेत्रका विगत पच्चीस वर्षका उपलब्धिहरू

**परिच्छेद/३०**

भाषाक्षेत्रको विकास: भाषाक्षेत्रका विगत पच्चीस वर्षका उपलब्धिहरू २८१-२९१

१. नेपालका भाषाहरू
२. नेपाली भाषा: पृष्ठभूमि र विगत पच्चीस वर्षका उपलब्धिहरू
३. नेपालका अन्य महत्त्वपूर्ण भाषाहरू र तिनका समुन्नयन
४. भाषिक संरक्षण र समुन्नयन: प्रमुख हाँक र उपलब्धि

**परिच्छेद/३१**

साहित्यिक क्षेत्रको विकास: नेपालका साहित्यिक क्षेत्रका विगत पच्चीस वर्षका उपलब्धि २९२–३११

१. नेपालमा विविध भाषामा पाइने साहित्य
२. नेपाली साहित्यको परम्परा र विगत पच्चीस वर्षका उपलब्धि
३. नेपालका अन्य प्रमुख भाषाका साहित्यिक परम्परा र विगत पच्चीस वर्षका मुख्य उपलब्धि
४. नेपालका विभिन्न जातिको लोक साहित्य र यस क्षेत्रका विगत पच्चीस वर्षका प्रमुख उपलब्धि

**परिच्छेद/३२**

कलाक्षेत्रको विकास: कलाक्षेत्रको विगत पच्चीस वर्षका उपलब्धि ३१२-३२७

१. कलापरम्परा र नेपाली कलाको २०१७ सालपूर्वको स्थिति
२. नेपाली कलाका क्षेत्रमा भएका विगत पच्चीस वर्षका प्रयास र उपलब्धि

विषय पृष्ठ

**परिच्छेद/३३**

संगीतक्षेत्रको विकासः नेपाली संगीतपरम्परा र संगीत क्षेत्रका विगत पच्चीस वर्षका उपलब्धि ३२८–३३४

१. नेपाली संगीतको ऐतिहासिक परम्पराः आरम्भदेखि २०१७ सालसम्म
२. नेपाली संगीतक्षेत्रमा विगत पच्चीस वर्षमा भएका प्रयास र उपलब्धि

**परिच्छेद/३४**

रंगमञ्चक्षेत्रको विकासः रंगमञ्चीय कलाको परम्परा तथा विगत पच्चीस वर्षका उपलब्धि ३३५–३४४

१. नेपाली रंगमञ्चको ऐतिहासिक परम्पराः २०१७ सालपूर्व
२. नेपाली रंगमञ्चका २०१७ सालपछिका प्रयास र उपलब्धि

**परिच्छेद/३५**

लोकसंस्कृतिको विकासः लोकसंस्कृतिका विविध पक्षका विगत पच्चीस वर्षका उपलब्धि ३४५–३५१

१. पृष्ठभूमिः लोकसंस्कृतिको सेरोफेरो
२. लोकसंस्कृतिका विविध क्षेत्रमा २०१७ सालपूर्वका प्रयासहरू
३. लोकसंस्कृतिका विविध क्षेत्रका विगत पच्चीस वर्षका मुख्य प्रयासहरू
४. लोकसंस्कृतिका क्षेत्रका विगत पच्चीस वर्षका उपलब्धि र वर्तमान सन्दर्भ

**परिच्छेद/३६**

पुरातत्त्व र इतिहासक्षेत्रको विकासः पुरातत्त्व र इतिहासको क्षेत्रमा विगत पच्चीस वर्षमा भएका उपलब्धि ३५२–३६२

१. पृष्ठभूमिः पुरातत्त्व र इतिहासको अध्ययन परम्परा
२. पुरातात्त्विक वस्तुका क्षेत्रमा विभिन्न तहबाट भएका संवर्द्धन र संरक्षणका प्रयास
३. इतिहासको शोध–खोज र प्रकाशनमा भएका प्रयास
४. नेपालको सांस्कृतिक सम्पदाको संरक्षणमा प्राप्त अन्तर्राष्ट्रिय योगदान
५. इतिहास र पुरातत्त्वक्षेत्रका विगत पच्चीस वर्षका मुख्य प्रवृत्ति र उपलब्धि

**परिच्छेद/३७**

धार्मिक र आध्यात्मिक क्षेत्रको विकासः विगत पच्चीस वर्षका उपलब्धि ३६३–३७०

१. पृष्भूमिः नेपालको धार्मिक परम्परा
२. २०१७ सालपूर्वको धार्मिक स्थिति
३. २०१७ साल यताका पच्चीस वर्षमा धार्मिक र आध्यात्मिक क्षेत्रमा भएका प्रमुख प्रयास र उपलब्धि
४. विगत पच्चीस वर्षको धार्मिक र आध्यात्मिक जागरणको रूपरेखा

**परिच्छेद/३८**

खेलकुद क्षेत्रको विकासः खेलकुदक्षेत्रका विगत पच्चीस वर्षका उपलब्धि ३७१–३८१

१. २०१७ सालपूर्वको खेलकुदको स्थिति
२. २०१७ पछिको खेलकुद विकासका प्रयास र उपलब्धि

# भाग – ४
# प्रशासनिक तथा न्यायिक पक्ष

(३८३–४१५)


विषय — पृष्ठ

**परिच्छेद/३९**

संवैधानिक विकासको रूपरेखा — ३८३- ३

ऐतिहासिक पृष्ठभूमि
नेपाल सरकार वैधानिक कानून, २००४
नेपाल अन्तरिम शासन विधान, २००७
नेपाल अधिराज्यको संविधान, २०१५
नेपालको संविधान, २०१९

**परिच्छेद/४०**

कानून तथा न्यायको प्रतिबद्धता — ३८७–३९२

२०१७ सालपछिको अवधिमा कानून तथा न्यायप्रति रहेको प्रतिबद्धता
शाहवंशीय शासनकालको न्याय व्यवस्था

**परिच्छेद/४१**

अन्तर्राष्ट्रिय कानून एवं सम्बन्धका परिप्रेक्ष्यमा नेपालको प्रयास — ३९३–३९७

नेपाल र विश्वसमाज
आधुनिक अन्तर्राष्ट्रिय कानून र नेपाल
नेपाल र विश्वजमात
शान्तिप्रतिको नेपालको चाहना
नि:शस्त्रीकरण
शान्ति क्षेत्र नेपाल
मानवाधिकार सम्बन्धमा नेपालको चाख
आर्थिक विकासप्रतिको चाहना
असंलग्न अभियान र नेपाल

**परिच्छेद/४२**

समाजसुधारसम्बन्धी कानूनी विकास — ३९८–३९९

**परिच्छेद/४३**

पञ्चायतको पहिलो दशक र प्रशासनको विकास — ४००–४०२

राजनीतिक सफलता र प्रशासन
पञ्चायत पूर्वकालीन स्थिति
योजना विधि र संगठन
केन्द्रीय प्रशासन
स्थानीय प्रशासन
घटनापूर्ण दशक

**परिच्छेद/४४**

श्री ५ वीरेन्द्रका नेतृत्वमा प्रशासन सुदृढीकरण — ४०३–४०४

**परिच्छेद/४५**

जनप्रशासन शिक्षाको विकास

१. परिचय
२. ऐतिहासिक पृष्ठभूमि: नेपालको सन्दर्भमा
३. २०१७ सालको राजनैतिक परिवर्तनपछि जनप्रशासन शिक्षाको विकास

**भाग – ५**
**वैदेशिक नीति तथा अन्तर्राष्ट्रिय सम्बन्ध पक्ष**

(४१७–४६०)

**परिच्छेद/४६**

परराष्ट्र नीतिको विकास ४१७–४२२

१. ऐतिहासिक पृष्ठभूमि
२. २००७ सालदेखि २०११ सालसम्मको स्थिति
३. २०११ सालदेखि २०२८ सालसम्मको स्थिति
४. २०२८ सालदेखि हालसम्मको स्थिति

**परिच्छेद/४७**

द्विपक्षीय सम्बन्धको विकास ४२३–४२९

१. छिमेकी राष्ट्रहरूसितको सम्बन्ध
२. एशिया तथा प्रशान्तक्षेत्रका मित्रराष्ट्रहरू
३. अन्य मित्रराष्ट्रहरूसँग नेपालको सम्बन्ध

**परिच्छेद/४८**

शान्तिक्षेत्र प्रस्ताव ४३०–४३१

**परिच्छेद/४९**

असंलग्न आन्दोलनको संस्थापन र विकासमा नेपालको योगदान ४३२-४३७

**परिच्छेद-५०**

संयुक्त राष्ट्र संघप्रति नेपालको आस्था ४३८–४३९

नेपालको सदस्यता
साधारण सभामा सहभागिता
सुरक्षा परिषद्मा नेपालको भूमिका
संयुक्त राष्ट्र संघका महासचिवको नेपाल भ्रमण
शान्ति सेनामा नेपालको सहभागिता

**परिच्छेद-५१**

अहस्तक्षेपको नीतिप्रति नेपालको प्रतिबद्धता ४४०–४४२

साम्राज्यवाद, उपनिवेशवाद, नव उपनिवेशवाद तथा प्रभुत्ववादको विरोधमा नेपाल
रङ्गभेद, जातिभेद र वर्णभेदको विरोधमा नेपालको भूमिका

विषय | पृष्ठ

**परिच्छेद-५२**

निःशस्त्रीकरणको लागि नेपालको सक्रियता ४४३-४४४

**परिच्छेद-५३**

नयाँ अन्तर्राष्ट्रिय अर्थव्यवस्थाको स्थापनार्थ नेपालको योगदान ४४५–४४७

**परिच्छेद-५४**

अति कम विकसित राष्ट्रहरूको पक्षमा नेपाल ४४८-४५०

**परिच्छेद-५५**

लुम्बिनी गुरू योजना ४५१-४५१

**परिच्छेद-५६**

विभिन्न राष्ट्र संघीय संस्था तथा निकायहरूमा नेपालको सक्रिय सहभागिता ४५२–४५६

एशिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग (इस्क्याप)
शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन
संयुक्त राष्ट्र संघीय बालकोष (युनिसेफ)
विश्व खाद्य कार्यक्रम (डब्लु एफ् पी)
विश्व खाद्य तथा कृषि संगठन
अन्तर्राष्ट्रिय श्रमसंगठन र नेपाल
संयुक्त राष्ट्र संघको औद्योगिक विकास संगठन (युनिडो)
भन्सार शुल्क निर्धारण र व्यापारमा सामान्य सम्झौता (ग्याट)
राष्ट्र संघीय व्यापार विकास सम्मेलन (अङ्कटाड)
विश्व स्वास्थ्य संघ (डब्लु एच ओ)
संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम
विश्व हुलाक संघ
विश्व बैंक समूह
अन्तर्राष्ट्रिय दूर सञ्चार संघ
विश्व अन्तरिक्ष विज्ञान संगठन
अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)
नेपाल सहायता समूह
एशियाली विकास बैंक

**परिच्छेद - ५७**

नेपाल र क्षेत्रीय सहयोग ४५९–४६०

# परिच्छेद ४७
# द्विपक्षीय सम्बन्धको विकास

## १. छिमेकी राष्ट्रहरू सितको सम्बन्ध
### (क) भारत

सीमाना जोडिएका छिमेकी राष्ट्रहरूसित परम्परागत मैत्री सम्बन्धलाई आपसी हित र समानताका आधारमा अझ बढाउँदै लैजानु नेपालको परराष्ट्र नीतिको प्रमुख ध्येय रहिआएको छ। यसै उद्देश्यअनुरूप भारतसितको युगौं पुरानो सम्बन्धलाई अझ व्यापक र गतिशील बनाउन नेपालले सधैं प्रयास गर्दै आएको छ। शान्तिपूर्ण सह-अस्तित्व तथा आपसी हितका सिद्धान्तहरूमा नेपाल-भारत सम्बन्ध आधारित छन्। ५०० माइलको खुला सीमाना र अत्यन्त प्राचीनकालदेखि रहिआएको धार्मिक, सांस्कृतिक, आर्थिक तथा अन्य विविध सम्बन्धहरू भएको नेपाल-भारत सम्बन्धमा समय-समयमा केही मतभिन्नता नभएको होइन। परन्तु विवादलाई आपसी समझदारी र सम्मानका आधारमा टुगो लगाई सम्बन्धहरू अझ विस्तार गर्दै लैजाने क्रम निरन्तर चलेकोमा सन्तोष लिन सकिन्छ।

भारतसित नेपालको राजदूतस्तरमा दौत्यसम्बन्ध २००४ साल जेष्ठ ३० गतेका दिन स्थापना भएको थियो।

२००७ साल श्रावण १६ गते नेपाल र भारतकाबीच शान्ति अनि मित्रतासम्बन्धी सन्धिमा हस्ताक्षर भएको कुरा अघिल्लो अध्यायमा उल्लेख भैसकेको छ। सोही मितिमा नेपाल र भारतकाबीच पहिलो व्यापार तथा वाणिज्य सन्धिमापनि हस्ताक्षर भएको थियो।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापनमा भारतले नेपाललाई निकै सहयोग गरेको थियो। स्वर्गीय श्री जवाहरलाल नेहरूले असार २-५, २००८ मा गर्नुभएको नेपालको भ्रमणमा नेपाली जनताले उहाँको हार्दिक स्वागत गरेका थिए। यस भ्रमणले नेपाल र भारतकाबीच घनिष्ठ सम्बन्धलाई अझ मजबूत पार्न सहयोग पुग्न गयो। स्वर्गीय श्री ५ महेन्द्रको निमन्त्रणामा २०१३ सालमा भारतका राष्ट्रपति श्री राजेन्द्र प्रसादले नेपालको राजकीय भ्रमण गर्नुभयो। २०१६ सालमा श्रीनेहरू नेपालको दोस्रो भमणमा आउनुभयो।

२०१७ साल पौष १ गते स्वर्गीय श्री ५ महेन्द्रबाट उठाइबक्सेको ऐतिहासिक कदमको पृष्ठभूमि सर्वमान्य तथ्य भइसकेको छ। राष्ट्रिय एकता शान्ति सुव्यवस्था र विकासको निम्ति मौजुदा राजनैतिक प्रणाली सर्वथा अफाप सिद्ध भएकोले देशको सर्वोपरि हितलाई ध्यानमा राखी स्वर्गीय श्री ५ महेन्द्रबाट २०१७ साल पौष १ गतेको शाही घोषणाबाट शासनको अभिभारा आफ्नो हातमा लिइबक्स्यो। देशमा फैलिएको अराजकता, दुर्व्यवस्था, नैराश्यद्वारा राष्ट्रिय सार्वभौमिकतामाथि आउन सक्ने आँचमाथि गंभीरतापूर्वक विचार गरी सो कदम उठाइएको थियो। नेपाली जनताले देशभरि यस महान् कदमको हार्दिक स्वागत गरे।

२०१७ साल पौष २० गते देशको राजनैतिक व्यवस्थाको रूपमा पञ्चायती प्रजातन्त्रको सूत्रपातको घोषणा गरिबक्सँदा परराष्ट्र नीतिमा कुनै परिवर्तन नहुने कुरा स्वर्गीय श्री ५ महेन्द्रबाट हुकुम भयोः-

"सबै राष्ट्रहरूसित मैत्रीसम्बन्ध कायम राख्नु र विश्वशान्ति तथा अन्तर्राष्ट्रिय आर्थिक सहयोगका निम्ति प्रयास गर्नु हाम्रो परराष्ट्र नीतिको लक्ष्य हुनेछ। संयुक्त राष्ट्र संघको बडापत्रमा निहित सिद्धान्त र उद्देश्यहरूबाट हाम्रो परराष्ट्र नीति उत्प्रेरित हुनेछ। सबै अन्तर्राष्ट्रिय गुटहरूबाट असंलग्नता र तटस्थता हाम्रो परराष्ट्र नीति हुनेछ।"

यसरी सर्वोच्च स्तरमा नेपाल मैत्रीपूर्ण र असंलग्न परराष्ट्र नीतिको अवलम्बनमा दृढ रहने कुरा अभिव्यक्त भएतापनि केही तत्वहरूले नेपालको भारत प्रतिको दृष्टिकोणमा मैत्रीभावको कमी भएको भनी तर्कहीन प्रचार गर्न छोडेनन्। नेपाल र नेपालीको हितको प्रतिकूल ध्वंसात्मक कार्यवाही गर्न अराष्ट्रिय तत्वहरूले भारतीय भूमिको उपयोग गर्नाले आपसी सम्बन्धप्रति भारतको सकारात्मक दृष्टिकोणबारे सर्वसाधारण जनतामा केही शंका-उपशंका उठ्न थालेको थियो। २०१९ साल माघमा हिन्दुस्तान समाचारका प्रतिनिधिलाई बक्सेको अन्तर्वार्तामा श्री ५ महेन्द्रबाट नेपाल र भारतका बीचको सम्बन्धमा कुनै ह्रास आएको छैन भन्ने कुरा हुकुम भयो। मौसूफबाट नेपालमा भारतविरोधी भावना बढ्न नदिन हिंसात्मक कार्यहरू तुरुन्तै बन्द हुनुपर्ने आवश्यकतामाथि जोड दिइबक्स्यो। सोही अन्तर्वार्तामा श्री ५ महेन्द्रबाट भारत सरकारले नेपालसित सीमाना जोडिएका राज्यहरूलाई नेपालभित्र अवैध रूपमा हातहतियारको चोरी निकासी बन्द गर्न कडा निगरानी राख्न आदेश दिएको छ तथा प्रतिबन्धित पार्टीहरूलाई देशको कानून विपरीत कुनै कार्य नगर्न सल्लाह दिएको छ भन्ने रेडियो समाचारलाई सकारात्मक कदम भनी स्वागत गरिबक्सेको थियो।

२०१९ मा नै नेपाल सम्वाद समिति र सगरमाथा सम्वाद समितिका प्रतिनिधिहरूलाई अन्तर्वार्ता बक्सँदै श्री ५ महेन्द्रबाट हुकुम भयोः-

"गुटनिरपेक्ष राष्ट्रहरूको वेलग्रेडमा भएको सम्मेलनमा भाग लिन जाँदा भारतीय प्रधानमन्त्री श्री नेहरूसित मेरो अत्यन्त खुलस्त कुराकानी भएको थियो। श्री नेहरूलाई हाम्रो वर्तमान नीतिबारे राम्रो जानकारी छैन भन्ने मलाई लाग्दैन। उहाँको नेपालप्रति कुनै दुर्भावना छ भन्ने कुरा म मान्न तयार छैन। परन्तु भारतमा रही खुला सीमानाको नाजायज फाइदा उठाउने अराष्ट्रिय तत्वहरूलाई भारत सरकारको पूर्ण समर्थन छ भन्न म सक्तिन। यी अराष्ट्रिय तत्वहरूले नै भारतसितको परम्परागत सम्बन्धमा खलल पार्ने हुन् कि भन्ने आशंका हाम्रा जनतामा बढिराखेको मैले अनुभव गरेको छु। भारतीय सीमाक्षेत्रबाट यस्ता तत्वहरूले हिंसात्मक कार्य गरेको कुरा सबैमा विदितै छ। यसै गरी सैनिक प्रशिक्षण पाइराखेका तथाकथित स्वयम् सेवकहरूको भारतबाट समर्थन प्राप्त छ भन्ने खुल्ला दावापनि कसैबाट छिपेको छैन। अराष्ट्रिय तत्वहरूबाट भएका खुला डकैती, लूटमार, हत्या, ती कुत्सित तत्वहरूबाट शान्तिपूर्ण नेपाली जोवन' खल्बल्याउने प्रयास, प्रेस स्वतन्त्रताका नाउँमा बिल्कुल तथ्यहीन कुराहरूबारे प्रचार सबैलाई जानकारी भएकै कुरा हो। यी घटनाहरूको भारतले उपेक्षा गर्ला जस्तो मलाई लाग्दैन किनभने भौगोलिक सामीप्यको अतिरिक्त पनि नेपाल र भारतको मित्रतामा असर पार्ने अरू कैयन् परम्पराहरू छन्। भारतले समयमै यसो गर्न नसकेमा नेपालमा जनप्रतिक्रियालाई नियन्त्रण वा संयमित गर्न मलाई गाह्रो पर्नेछ। तर मेरा विचारमा भारतको उच्च स्तरहरूमा नेपालले अवलम्बन गरेका नीतिहरूप्रति समझदारीको कमी छैन।

हामीले मात्र भारतलाई आफ्नो मित्र ठानेर पुग्दैन, भारतको पनि हामीप्रति त्यस्तै भावना हुनु पर्दछ। नेपाल वा भारतको भलाई नचाहने तत्वहरूले जे सुकै भने वा गरे पनि हामी गैन्ह जिम्मेवार भाषा वा कार्यबाट विचलित हुनु उचित छैन।"

२०१९ सालमा स्वर्गीय श्री ५ महेन्द्र नेताहरूसँग कुराकानी गर्न भारत सवारी भयो। भ्रमणमा सवारी होइबक्सनु अगाडि देशवासीका नाममा बक्सेको सन्देशमा मौसूफबाट हुकुम भयोः-

"देशभक्त नेपालीको सद्भावनाले मात्र यो (पंचायती) व्यवस्था हुर्कन सक्ने भएता पनि सबै राष्ट्रहरू र खासगरीकन छिमेकी देशहरूसितको मैत्रीपूर्ण सम्बन्धको वातावरणमा देशविकासको कार्यमा तीव्रता ल्याउन सकिन्छ। यसैले झूठो र कपोलकल्पित होहल्लाद्वारा नेपाल र भारतकाबीच मनोमालिन्य खडा गर्ने राष्ट्रद्रोही स्वार्थी तत्वहरूको कुत्सित प्रयासहरूको प्रतिवाद गर्न आवश्यक भएको हामीले ठानेका छौं। सबै अन्तर्राष्ट्रिय गलतफहमी र विवादहरूको सकेसम्म शान्तिपूर्ण ढंगबाट समाधान गरिनु पर्दछ भन्ने हाम्रो नीति रहिआएकोले वर्तमान अवस्थामा झैं दुईमित्रराष्ट्रहरूका बीच मनोमालिन्यको संभावना हुँदा टाढाबाट एकअर्काको विरोधमा दोषारोपण र प्रतिदोषारोपण, प्रश्न प्रतिप्रश्न गर्नु भन्दा खुलाहृदयले स्नेहपूर्ण प्रत्यक्ष वार्तागर्नु नै उचित हुन्छ भन्ने विश्वासले भारतको मैत्रीपूर्ण निमन्त्रणामा आज हामी काठमाडौंबाट पोखरातर्फ सवारी हुनलागेका हौं।... पंचशील र शान्तिपूर्ण सह-अस्तित्वका सिद्धान्तहरूप्रति साझा विश्वास तथा उद्देश्यहरूकाबीच अनादिकालदेखि नै रहिआएको सहृदयताले गर्दा जेसुकै संभावित वा काल्पनिक मनोमालिन्यका बादलहरू युगौं पुरानो मित्रताको वातारणमा हुनेआगामी वार्ता र कुराकानीद्वारा हट्ने छन् भन्ने मलाई पूरा विश्वास छ।"

(अनौपचारिक अनुवाद - अप्रिल १६, १९६२)

नयाँदिल्लीको पालम हवाइअड्डामा भारतका राष्ट्रपति श्री राजेन्द्र प्रसादद्वारा गरिएको स्वागत अभिव्यक्तिको प्रत्युत्तर बक्सँदै श्री ५ महेन्द्रबाट हुकुम भयोः-

"संयुक्त राष्ट्रसंघको बडापत्र र सिद्धान्तहरू तथा शान्तिपूर्ण सह-अस्तित्वका पाँच सिद्धान्त अर्थात् पञ्चशीलमा पूरा आस्था र विश्वास राख्ने नेपालले सबै मित्रराष्ट्रहरूप्रति शान्ति र मैत्रीभाव राख्दछ। संसारका सबै राष्ट्रहरूले आफ्नो व्यवहार र प्रयोगमा यी सिद्धान्तहरूप्रति आस्था र विश्वास देखाउन सकेमा राष्ट्रहरूका बीच कुनै मनोमालिन्यको संभावना नै रहने छैन। यसैले भारत लगायत सबै मित्रराष्ट्रहरूप्रति शान्ति र मित्रताको नीतिको अबलम्बन गर्न नेपाल वचनबद्ध छ।

भारतका नेताहरूसित हुने आगामी वार्ताहरूमा हाम्रा दुईदेशहरूका बीच अनादिकालदेखि रहिआएको मैत्रीसम्बन्धलाई अझ सुदृढ गर्ने उद्देश्यले आपसी हितका विषयहरूमा विचारहरूको स्वतन्त्र रूपमा आदान प्रदान गर्ने हाम्रो उद्देश्य छ। मित्रता भन्ने एकतर्फी हुन सक्दैन र काल्पनिक अथवा संभावित मनोमालिन्य हटाउने सबैभन्दा राम्रो बाटो विचारहरूको मैत्रीपूर्ण आदान-प्रदान हो भन्ने कुरामा हामी विश्वस्त भएकाले नै सबै मित्रहरूसित खुला हृदयले कुरा गर्न हामी सदैव तयार छौं।

मौसूफका सम्मानमा भारतका राष्ट्रपतिले आयोजना गर्नुभएको रात्री भोजमा प्रत्युत्तर भाषण बक्सँदै श्री ५ महेन्द्रबाट हुकुम भयोः-

"भारतसितको हाम्रो सम्बन्ध हिजो आजको मात्र होइन, यो सम्बन्ध केवल दुई स्वतन्त्र राष्ट्रहरूको सम्बन्ध मात्र होइन, यो सम्बन्ध ऐतिहासिक सम्बन्ध हो। यसलाई अझ मजबूत बनाउनु नेपाल र भारत दुवैको समान कर्तव्य हो। यस-उसले यता केही महीनादेखि दुई देशका बीच रहिआएको मैत्रीलाई खलल पारी आफ्नो संकुचित स्वार्थ सिद्ध गर्न खोज्ने खालका केही बेजिम्मेवार तत्वहरूका वक्तव्य प्रचार तथा कार्यवाहीले दुई देशको मैत्रीपूर्ण सम्बन्ध सदा कायम राख्न चाहनेहरूलाई सतर्क तुल्याउनु स्वाभाविकछ।"

देशको परम्परा सुहाउँदो र जनआकांक्षामा आधारित पंचायत प्रजातन्त्रको माध्यमबाट नेपाली जनता समय सुहाउँदो विकास कार्यमा अग्रसर भइराखेको कुरा हुकुम हुँदै श्री ५ महेन्द्रबाट राम्ररी कुरा नै नबुझी नेपालको आन्तरिक कुराहरूमा अमैत्रीपूर्ण भाषामा टिका-टिप्पणी नगर्न सबै मित्रराष्ट्रहरूमा अनुरोध गरिबक्स्यो। खासगरीकन साना-ठूला सबै राष्ट्रहरूको समान हक र स्वाभिमानमा विश्वास गर्ने संयुक्त राष्ट्र संघको बडापत्र र सिद्धान्तहरू, पंचशील र शान्तिपूर्ण सह-अस्तित्वका आधारभूत सिद्धान्तहरूका संस्थापक र कट्टर समर्थक भनी ख्यातिप्राप्त मुलुकहरूबाट यस्तो मैत्री र सहयोगात्मक व्यवहारको अपेक्षा गर्नु अस्वाभाविक होइन भन्ने कुरा पनि श्री ५ महेन्द्रबाट हुकुम भयो। नेपाल र भारत दुवैदेशले एकअर्काको खोट केलाउने होइन गुणहरूको आदर गर्ने बानी बसालौं भनी श्री ५ बाट आह्वान गरिबक्स्यो।

दिल्लीमा भारतीय विश्वसम्बन्ध परिषद्मा नेपाल-भारत सम्बन्धको स्थायित्वमाथि जोड दिँदै श्री ५ महेन्द्रबाट अत्यन्तै महत्त्वपूर्ण सम्बोधन बक्सेको थियो। नेपाल र भारतका बीच विवादहरूलाई बढाई-चढाई देखाउन सजिलो छ भने तिनलाई न्यून गराउन पनि उत्तिकै सजिलो छ। नेपाल र भारतको वास्तविकता बुझ्न भने कठिन छ किनभने त्यसका निम्ति प्रसामान्य स्तरको सहानुभूति, समझदारी र सहनशीलताको आवश्यकता पर्दछ। नेपाल र भारतले साझा आध्यात्मिक मूल्यहरूको पोषण गर्दै रहने हो भने दुवै मुलुकहरू बाहिरी दबाव विना नै स्वतन्त्र रूपले विकसित हुनुपर्दछ भन्ने इतिहासको शिक्षा छ। बितेका युगको समानान्तर नेपाल र भारत दुबैका निम्ति अयोग्य छन्। नेपाल र भारतको आन्तरिक राजनैतिक व्यवस्थाका भिन्नतामा जोडदिई दुवै देशहरूका बीच स्थायी विवाद ल्याउन खोज्ने प्रयास निरर्थक छ भन्दै श्री ५ महेन्द्रबाट नेपाल र भारतका जनताहरूकाबीच स्थायी सामाजिक र आर्थिक, भौगोलिक र सांस्कृतिक यथार्थहरूमा आधारित मतैक्य रहेको कुरा हुकुम भयो। सोही सम्बोधनमा मौसूफबाट एफ्रो-एशियाली नवजागरण र खासगरीकन चीन-भारत-नेपाल सम्बन्धको विस्तृत पृष्ठभूमिमा नेपाल-भारत सम्बन्धको चर्चा गरिबक्सेको थियो। दुइवटा महान् देशहरू उत्तरमा चीन र दक्षिणमा भारतको बीचमा रहेको नेपालको उत्तरसितको आवागमन हिमालय पर्वत श्रृंखलाले गर्दा विकट भएको तर दक्षिणमा भने खुला नेपाल-भारत सीमानाको वारिपारि सुगम आवागमन भएको चर्चा मौसूफबाट गरिबक्स्यो। नेपालको चीनसित पनि कटनैतिक सम्बन्ध भएको कुरा उल्लेख गर्दै नेपाल र चीनमा भिन्न राजनैतिक व्यवस्थाहरू छन् भन्दैमा दुईदेश बीचका सम्बन्धहरू मैत्री र सद्भावनापूर्ण हुन नहुने कुनै कारण छैन भनी हुकुम भयो। भारत जस्तै चीनसित पनि नेपालको सम्बन्ध धेरै लामो समयदेखि रहिआएका छ र नेपाल र चीनका बीच सम्पन्न मैत्रीसन्धि पंचशीलका तिनै सिद्धान्तहरूमा आधारित छन् जुन भारतचीन सम्बन्धका निर्देशक तत्वहरू हुन् भन्ने श्री ५ महेन्द्रबाट हुकुम भयो। नेपालले महत्वपूर्ण ठानेका आध्यात्मिक र भौतिक मूल्यहरूसित ती अधिक समान छन् तर जीवनका मान्यताहरूबारे दृष्टिकोणको भिन्नताले दुवै मुलुकहरूका सह-अस्तित्वमा कुनै असर पार्दैन किनभने सह-अस्तित्व पंचशीलको पांचौं र सर्वाधिक महत्त्वपूर्ण सिद्धान्त हो भन्ने कुरा मौसूफबाट स्पष्ट पारिबक्स्यो। तिब्बतबारे नेपाल र चीन बीचको सम्झौता सोही विषयमा दुई वर्षअघि सम्पन्न भारत-चीन सम्झौताअनुसार नै भएकोले तथा पंचशीलमा निहित सिद्धान्तहरूप्रति तीनवटै मुलुकमा आस्था भएको हुनाले नेपालको चीनसितको सम्बन्ध सिद्धान्ततः भारत-चीन सम्बन्ध भन्दा फरक भन्न मिल्दैन। भारत र चीनसितको आफ्नो सम्बन्धमा नेपालले एउटाको विरोधमा अर्कालाई उचाल्ने नीति कहिल्यै लिएन भन्ने तथ्यप्रति श्री ५ महेन्द्रबाट ध्यानाकर्षण गरिबक्स्यो। प्रस्तावित काठमाडौं-तिब्बत राजमार्गले नेपाललाई आफ्नो राष्ट्रिय शक्ति र आवश्यकताअनुरूप चीनसितको सम्बन्धलाई अझ गहन पार्नुका अतिरिक्त व्यापार र वाणिज्यको निम्ति वैकल्पिक ढोका खोल्नेछ, यसले आजका दुर्गम क्षेत्रहरूलाई सुगम बनाउने छ र यो कसैको हितको विपरीत उठाइएको कदम होइन भन्ने कुरा पनि मौसूफबाट स्पष्ट पारिबक्स्यो।

स्वर्गीय श्री ५ महेन्द्रको यस भ्रमण पछि नेपाल-भारत सम्बन्धमा देखपरेका केही शिथिलताहरू हट्न गई पारस्परिक सौहार्द र सहयोगको पुनर्स्थापना हुन गयो। यसरी मौसूफबाट अपनाइबक्सेको छिमेकी राष्ट्रहरूप्रति नीतिको सार्थकता प्रमाणित भयो। दुई देशहरूका बीच सम्बन्धको पुनरावृत्ति भइराखेको बेला २०२० सालमा श्री ५ महेन्द्रबाट भारतका राष्ट्रपति डा. राधाकृष्णनुको मैत्रीपूर्ण निमन्त्रणामा भारतको राजकीय भ्रमणमा सवारी भयो। मौसूफका सम्मानमा आयोजित विभिन्न समारोहहरूमा भारतका राष्ट्रपतिले नेपालप्रति ठूलो मित्रता र सम्मानको भाव व्यक्त गर्नु भयो। प्रत्युत्तरमा श्री ५ महेन्द्रबाट नेपाल-भारत मित्रताकोअविच्छिन्नताप्रति मौसूफको प्रगाढ आस्था रहेको कुरा हुकुम भयो। राजकीय भ्रमणका अन्तमा प्रकाशित विज्ञप्तिमा आपसी सहयोगको क्षेत्र विस्तार गर्ने र भारतीय सहयोगबाट कार्यान्वयनभइ राखेका आयोजनाहरूमा बढी गतिशीलता ल्याउने कुरामा सहमति भएको कुरा उल्लेख छ।

२०२० सालमा श्री ५ बाट बक्सेको हार्दिक निमन्त्रणामा भारतका राष्ट्रपति सर्वपल्ली राधाकृष्णनुले नेपालको राजकीय भ्रमण गर्नुभयो। श्री ५ महेन्द्रको शब्दमा त्यस अवसरले भारतीय जनताप्रति सद्भावना र मंगलमय कामना व्यक्त गर्ने मौका दियो। भारतका राष्ट्रपतिको चार दिनको भ्रमण हार्दिक र भ्रातृत्वपर्ण वातावरणमा सम्पन्न भयो र श्री ५ को राजकीय भ्रमण झैं त्यस भ्रमणले पनि नेपाल-भारत सम्बन्धलाई सौम्य र सुमधुर बनाउन ठोस योगदान दियो।

श्री ५ महेन्द्रबाट २०२२ सालमा पुनः एकपटक भारतको राजकीय भ्रमण गरिबक्स्यो।

दलविहीन प्रजातान्त्रिक पंचायती व्यवस्थाको सूत्रपातको राष्ट्रिय आवश्यकताको उपेक्षा गरी केही बेजिम्मेवार तत्वहरूको नेपाल-भारत बीचको युगौं पुरानो सम्बन्धमा खलल ल्याउने प्रयासले गर्दा दुई देशका बीच सम्बन्धमा आएको शिथिलता हटाई सौहार्दपूर्ण आपसी सहयोग र समझदारीको पुनर्स्थापना गर्नमा श्री ५ महेन्द्रको ऐतिहासिक देन रहेको छ। आपसी सम्बन्धको सर्वाधिक संकटपूर्ण घडीमा २०१९ सालमा श्री ५ बाट भएको भारतको राजकीय भ्रमणले सम्बन्धलाई पुनः सामान्य बनाउने प्रक्रियाको थालनी भयो। यसैक्रममा श्री ५ बाट भारतको पटक पटक राजकीय र अनौपचारिक भ्रमण गरिबक्स्यो। भारतकातर्फबाट पनि प्रत्युत्तरमा नेपालका महत्त्वपूर्ण भ्रमणहरू भए। २०२० सालमा भारतीय राष्ट्रपतिको भ्रमण पछि २०२५ सालमा राष्ट्रपति जाकिर हुसेन नेपालको राजकीय भ्रमणमा आउनु भयो। श्री ५ युवराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ-विवाहमा भारतकातर्फबाट राष्ट्रपति भी. भी. गिरीले भागलिनु भएको थियो। प्रधानमन्त्री लालबहादुर शास्त्रीले २०२२ सालमा नेपालको भ्रमण गर्नुभयो। यसैगरी २०२३ सालमा प्रधानमन्त्री इन्दिरा गान्धीले नेपालको भ्रमण गर्नुभयो। श्रीमती गान्धीले त्यस अवसरमा नेपाल-भारत सम्बन्धको विकास र विस्तारमा श्री ५ महेन्द्रको योगदानको मुक्तकण्ठले प्रशंसा गर्नु भयो। राजनैतिक, आर्थिक तथा व्यापारिक सम्बन्धहरूबारे दुवै देशका बीच अरू कैयन् तहहरूमा भ्रमणका आदान-प्रदान भए। २०२३ सालमा भारतीय समाचारपत्र 'दि इण्डियनएक्सप्रेस'लाईबक्सेको अन्तर्वार्तामा श्री ५ बाट नेपाल र भारतका बीच सम्बन्धहरूमा देखापरेका केही समस्याहरू बिस्तारै हराउँदै गइराखेको कुरा हुकम हुँदै दुवै देशलाई उचित ढंगमा लाभ हुने गरी कुनै पनि क्षेत्रमा सहयोग विस्तार गर्ने अवसरलाई सदैव स्वागत गर्न तत्पर रहेको कुरा हुकुम भएको थियो। नेपाल - भारत बीच कुनै पनि मतभेदलाई शान्ति र मैत्रीपूर्ण वातावरणमा निराकरण गर्न सकिने विश्वास पनि श्री ५ महेन्द्रबाट व्यक्त गरिबक्सेको थियो।

श्री ५ महेन्द्रको शासनकालमा नेपाल र भारतका बीच विद्यमान सद्भावना र सहयोगको परिणाम स्वरूप दुई देशका बीच आर्थिक सहयोगमा प्रशस्त विस्तार भयो। यातायात, जल-विद्युत्, शिक्षा, स्वास्थ्य तथा दूरसंचार जस्ता आधारभूत क्षेत्रहरूमा भारतले नेपाललाई महत्त्वपूर्ण सहयोग उपलब्ध गराएको छ।

नेपाल र भारतका बीच पहिलो वाणिज्य सन्धि २००७ सालमा सम्पन्न भएको थियो। सो सन्धिको १० वर्षको म्याद गुज्रेपछि २०१७ सालमा अर्को १० वर्षे वाणिज्य सन्धिमा हस्ताक्षर भयो। २०२७ सालमा नयाँ वाणिज्य सन्धि गर्ने समय थियो।

देशको विकासका निम्ति आफ्नो अन्तर्राष्ट्रिय व्यापारलाई विविधीकरण गर्न नेपाल कटिबद्ध छ। नेपालमा तेस्रो मुलुकबाट आयात हुने वस्तुहरूका लागि नेपाली व्यापारीहरूले कलकत्ता भन्सारमा एउटा जमानत पत्रमा हस्ताक्षर गर्नुपर्थ्यो। यो बन्द गर्नुपर्ने व्यवस्थाले नेपालको व्यापार विविधीकरणमा ठूलो व्यवधान पुऱ्याएको थियो। २०२० सालमा यो जमानत व्यवस्था खारेज गर्ने सम्झौता भयो। यो संझौता भूपरिवेष्टित नेपाललाई भारतको बाटो भई निर्वाध पारवहन अधिकार दिलाउने तर्फ एक ठोस कदम थियो। यसैगरी लामो वार्तापछि २०२१

सालमा नेपालले तत्कालीन पूर्वी पाकिस्तानको राधिकापुरमा पारवहन अधिकार प्राप्त गर्‍यो। २०२७ सालमा अन्त भएको वाणिज्य सन्धिको स्थानमा नयाँ वाणिज्य र पारवहन सन्धि गर्ने कुरामा नेपाल र भारत बीच एक वर्षसम्म कुराकानी भयो। भूपरिवेष्टित राष्ट्रहरूको निर्बाध पारवहन सुविधा नेपालको निमित्त अत्यन्त महत्त्वपूर्ण विषय थियो। कैयन् चरणका वार्ताहरूमा गतिरोध भएकोले सम्मानजनक व्यवस्था गर्ने तर्फ कुनै प्रगति हुन सकेन। अन्तमा स्वयम् श्री ५ महेन्द्रबाट २०२८ सालमा भारतीय प्रधानमंत्री श्रीमती इन्दिरा गान्धीसित त्यस विषयमा वार्ता गरिबक्स्यो र वार्ताको निष्कर्ष अनुसार बसेको अधिकृत स्तरको बैठकमा नयाँ व्यापार तथा वाणिज्य सन्धिको मस्यौदामाथि सहमति भयो। पाँच वर्षको लागि लागू हुने र दुवै देशहरूका बीच आपसी सहमतिबाट अरू पाँचवर्षको लागि बढाउन सकिने गरी नेपाल र भारतका बीच नयाँ व्यापार र वाणिज्य सन्धिमा २०२८ सालमा हस्ताक्षर भयो।

काठमाडौंमा भारतीय सैनिक सम्पर्क गुट तथा नेपालको उत्तरी सिमानाका चेकपोष्टहरूमा भारतीयहरूको उपस्थिति नेपाल-भारत सम्बन्धमा मतभेदको अर्को विषय थियो। २००७ सालपछि शाही नेपाली सेनाको तालिमका निम्ति केही भारतीय सैनिक अधिकृतहरूलाई काठमाडौं बोलाइएको थियो। जुन कार्यका लागि सो सहयोगको अनुरोध गरिएको थियो त्यो पूरा भएपछि भारतीय सेनाका प्रशिक्षकहरूलाई फिर्ता पठाइनु स्वाभाविक थियो। नेपालको यस माग प्रति अनावश्यक टिका-टिप्पणी गरेर सामान्य कुरालाई समस्याको रूप दिने प्रयास पनि भयो।अन्तमा दुईदेशका बीच विद्यमान मैत्री र सद्भावना अनुरूप भारतीय सैनिक प्रशिक्षकहरूलाई नेपालबाट २०२७ सालमा फिर्ता गरियो।

२०२८ साल माघ १७ गते निर्दलीय पंचायती व्यवस्थाका प्रवर्तक तथा नेपालको परराष्ट्र नीतिका निर्माता श्री ५ महेन्द्रको स्वर्गारोहण भए पछि श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको राज्यारोहण भयो। २०२८ सालको प्रजातन्त्र दिवसको उपलक्ष्यमा बक्सेको सम्बोधनमा श्री ५ महाराजाधिराज सरकारबाट मित्रहरूसित मित्रता र सहयोगको गाँठोलाई अझ बलियो पार्न नेपाल सधैं प्रयत्नशील रहने कुरा हुकुम भयो।

२०२९ सालमा राष्ट्रिय पंचायतको बीसौं अधिवेशनलाई सम्बोधन बक्सँदै श्री ५ महाराजाधिराजबाट नेपालको परम्परागत परराष्ट्र नीति कायम रहने कुरा हुकुम हुँदै छिमेकी मित्रराष्ट्रहरूसँग रहिआएको सुखद मैत्रीपूर्ण सम्बन्धलाई अझ दिगो र दरिलो बनाउँदै लैजाने दृढता व्यक्त गरिबक्स्यो। श्री ५ महाराजाधिराज सरकारको यसै नीति निर्देशन अनुरूप भारतसितको परम्परागत मैत्री र समझदारीको सम्बन्धलाई अरू विस्तृत र दरिलो पार्न नेपालले आफ्नो तर्फबाट पूरा प्रयास गरेको छ। आपसी हित तथा असंलग्नता, शान्तिपूर्ण सह-अस्तित्व र राष्ट्र संघका बडापत्रमा निहित सिद्धान्तहरूप्रति साझा आस्थामा आधारित नेपाल भारत सम्बन्धको सन्तोषजनकरूपमा विकास हुँदै गइराखेको छ। उच्चस्तरीय भ्रमणहरूको आदान प्रदानद्वारा सम्बन्ध र सहयोगको क्षेत्रहरू अरू बढाउने क्रम जारी रहेको छ। यस क्रममा श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारबाट २०३० सालमा गरिबक्सेको भारतको राजकीय भ्रमण यस प्रसगमा विशेष रूपमा उल्लेखनीय छ। भारत जस्तो खुला सीमाना भएको र विविध सम्बन्धहरू रहेको मित्रराष्ट्रहरूसित मतैक्य हुनुपर्दछ भनी अपेक्षा गर्नु नै अस्वाभाविक हुन्छ तर यस्तो मतभिन्नतालाई नेपाल-भारतको निरन्तरको मैत्री सम्बन्धमाथि असर पार्न नदिनु नै राजनीतिक नेतृत्वको परिपक्वताको कसी हो। यसै कुरालाई इंगित गर्दै भारतका राष्ट्रपतिले आयोजना गर्नु भएको राजकीय भोजमा प्रत्युत्तर भाषण बक्सँदै श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भएको छः-

''हाम्रो जस्तो सीमाना जोडिएको राष्ट्रहरूका बीच समय-संमयमा मतभेद पैदा हुनु स्वाभाविक हो। यस्ता कुराहरूमा अल्झिरहनु भन्दा बरू हामीले दुई देशको मित्रतालाई ध्यानमा राखी हाम्रा बीचका समस्याहरू शान्ति र सौहार्दका भावना लिई सुल्झाउन निरन्तर चेष्टा गर्नुपर्दछ। परिपक्व र संयमपूर्ण भएर एकले अर्काको विचार हृदयंगम गरेमा आपसमा भ्रम पैदा हुने ठाउँ रहन पाउने छैन भन्ने हाम्रो विश्वास छ।''

धर्म, संस्कृति र दर्शन नेपाल र भारतका बीच चिरस्थायी सम्बन्धको महत्त्वपूर्ण आयाम हुन्। यसै कुराको प्रतीक स्वरूप श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव २०३४ सालमा भारतको अनौपचारिक भ्रमणमा सवारी होइबक्सी दक्षिण भारतको मदुराईमा धर्म, दर्शन र संस्कृति सम्बन्धी विश्व सम्मेलनको उद्घाटन गरिबक्स्यो। श्री ५ महाराजाधिराज सरकारबाट २०३६ सालमा तथा २०४२ सालमा भारतको औपचारिक भ्रमण गरिबक्सनुका साथै २०३९ सालमा नयाँदिल्लीमा सम्पन्न भएको असंलग्न राष्ट्रहरूको सातौं शिखर सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सन भारत सवारी होइबक्स्यो।

भारतका तर्फबाट २०३८ सालमा राष्ट्रपति नीलम सजीवा रेड्डी र २०४३ सालमा राष्ट्रपति ज्ञानी जैलसिंहले नेपालको राजकीय भ्रमण गर्नुभयो। यसका अतिरिक्त २०३० सालमा प्रधानमंत्री श्रीमती इन्दिरा गान्धी र २०३३ सालमा प्रधानमंत्री श्री मोरारजी देसाईले नेपालको भ्रमण गर्नुभयो। यसैगरी नेपालका तर्फबाट पनि प्रधानमंत्री श्री तुलसी गिरी, प्रधानमंत्री श्री कीर्तिनिधि विष्ट र प्रधानमंत्री श्री सूर्यबहादुर थापाले भारतको मैत्रीपूर्ण भ्रमण गर्नुभयो।

राष्ट्राध्यक्ष वा प्रधानमन्त्रीहरूको स्तरमा भएका यी उच्चस्तरीय भ्रमणहरूका अतिरिक्त मन्त्रीस्तर र उच्च अधिकृत स्तरमा कैयन् भ्रमणका आदान प्रदान भएका छन्। सद्भावना वा नेपाल भारत सहयोगसित सम्बन्धित यी भ्रमणहरूले दुई देशहरूका बीच सम्बन्धको व्यापक पुनरावलोकनका साथै आपसी हितका द्विपक्षीय र अन्तर्राष्ट्रिय विषयहरूमा विचारको आदान-प्रदान गर्ने मौका प्रदान गरेका छन्। दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको स्थापना र संगठनका सदस्य राष्ट्रहरूका राष्ट्राध्यक्ष वा सरकार प्रमुखहरूको वर्षेनी हुने शिखर सम्मेलनको व्यवस्थाले नेपाल र भारतका बीच उच्चतम स्तरमा विचारको आदान प्रदानका निम्ति एक थप सुविधा उपलब्ध भएको छ।

नेपालको आयात-निर्यात व्यापारमा अत्यन्त महत्त्वपूर्ण स्थान भारतको रहि आएको छ। दुई देशका बीच व्यापारमा सन्तुलन अस्वीकार्य स्तरमा भारतको तर्फ झुकेको छ। यस व्यापारिक असन्तुलनलाई हटाउनमा औद्योगिक संयुक्त लगानीको सकारात्मक प्रभाव हुने हुनाले त्यस विषयमा दुवै देशहरूका बीच कैयन् वर्षहरूदेखि वार्ताको क्रम जारी छ। नेपालको राजनैतिक स्वतन्त्रता र सार्वभौमिकताको कदर गर्ने मित्रराष्ट्र भारतबाट नेपालको आर्थिक विकासका निम्ति त्यस्ता संयुक्त लगानी परियोजनाहरूमा खुला हृदयले सहभागी बन्नेछ भन्ने नेपालले आशा गर्दछ। यसै गरी भू-परिवेष्टित नेपालको विकासको निम्ति अपरिहार्य तत्त्व निर्बाध पारवहन अधिकारको पनि भारतबाट पूर्णतया कदर हुने छ भन्ने विश्वास नेपालले लिएको छ। २०३४ सालमा सम्पन्न नेपाल र भारतका बीचको वाणिज्य र पारवहन सम्बन्धी बेग्ला बेग्लै सन्धिहरू यस लक्ष्यतिर पहिलो ठोस कदम हो भन्ने नेपालले ठानेको छ।

नेपालको विकास प्रयासमा भारतबाट निरन्तर रूपमा सहयोग प्राप्त हुँदै आएको छ। महेन्द्र राजमार्गको काँकरभिट्टा-ढल्केवार खण्ड, बुटौल- कोहलपुर खण्डको निर्माण भारतीय सहयोगमा पूरा भइसकेको छ भने कोहलपुर- वनवासा खण्ड आगामी चारवर्षमा निर्माण गर्ने योजना छ। यसैगरी कृषि, स्वास्थ्य, र शिक्षा तथा औद्योगिक क्षेत्रहरूबारे निर्माणमा सहयोग गरी विकासका निम्ति पूर्वाधार खडा गर्न भारतले नेपाललाई अत्यन्त महत्त्वपूर्ण सहयोग गरेको छ। यसैगरी जल-विद्युतको विकास र उपयोगमा पनि नेपाललाई भारतले सहयोग गरेको छ नेपालको अपार जलसम्पदालाई नेपाल तथा भारत दुवै देशहरूको हितको निम्ति उपयोग गर्न सकिने ठूलो संभावना रहेको छ।

नेपाल र भारतका बीच सीमानाको स्पष्ट रेखांकन भएको छ। बिग्रेका- भत्केका सीमा स्तम्भको मर्मत र संभार गर्न र हराएका सीमा स्तम्भहरूको पुनर्निर्माण गर्न दुवै मुलुकका अधिकारीहरूको नियमित बैठक हुने गरेको छ।

नेपाल र भारत बीच युगौंदेखि रहिआएको र वर्तमान युगको आवश्यकता अनुसार गहन र फराकिलो हुँदै गइराखेको मैत्री र सहयोगको सम्बन्धको परिप्रेक्ष्यमा नेपालको राष्ट्रिय आकाक्षा अनुरूप नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भनी श्री ५ महाराजाधिराज सरकारबाट राखिबक्सेको प्रस्तावप्रति भारतबाट पूर्ण समर्थनको अपेक्षा नेपाली जनताले गरेका छन्।

## (ख) जनवादी गणतन्त्र चीन

हुवेन साङ्ग र फाहियानका यात्रा वृत्तान्तहरूले नेपाल र चीनको सम्बन्धको प्राचीनता प्रमाणित गरेका छन्। भोटमा बौद्ध धर्मको जग बसाल्ने नेपालकी सुपुत्री भृकुटीलाई हामीले हाम्रो राष्ट्रिय विभूति मानेका छौं। मल्लकाल देखि नै चीनको तिब्बत प्रान्तसित नेपालको अत्यन्त घनिष्ट वाणिज्य सम्बन्ध रहेको छ। नेपालको तिब्बत र त्यस मार्फत चीनसितको सम्बन्धमा विभिन्न समयमा महत्त्वपूर्ण ऐतिहासिक घटनाहरू घटेका छन्। तिनको विस्तृत विवेचना कैयन् पुस्तकहरूमा भइसकेको हुनाले वर्तमान प्रयोजनको निम्ति नेपालको चीनसित दौत्य सम्बन्धको स्थापना भएदेखि दुईदेशहरूका बीच सम्बन्ध र सहयोगको विषयमा छोटकरीमा चर्चा यहाँ गरिएको छ।

चीन तथा भारत दुवै छिमेकी राष्ट्रहरू सित असल सम्बन्ध कायम राख्ने निर्देशन श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायणशाहबाट बक्सेको चर्चा पहिले नै भइसकेको छ। साम्राज्यवादी युगमा विभिन्न कारणहरूले गर्दा दक्षिणको तुलनामा चीनसितको सम्बन्ध औपचारिकतामा मात्र सीमित भई नेपालको परम्परागत परराष्ट्र नीतिमा नै असंतुलन आएको उल्लेख पनि अघिका अध्यायमा गरिएको छ। भूगोल, संस्कृति, धर्म वा सनातन वास्तविकता तथा अन्य कैयन् क्षेत्रहरूमा आदान प्रदानको आधारमा चीनसितको सम्बन्ध सामान्य गराउने नेपालीको आकांक्षा थियो। यस राष्ट्रिय आवश्यकताको परिपूर्ति श्री ५ महेन्द्रबाट गरिबक्स्यो। २०१२ साल श्रावण १७ गते नेपाल र जनवादी चीनका बीच दौत्य सम्बन्ध स्थापना गर्ने र राजदूत स्तरमा कूटनैतिक प्रतिनिधिहरूको आदान प्रदान

गर्ने संयुक्त विज्ञप्ति प्रकाशित भयो। पञ्चशीलका पाँच सिद्धान्तहरूका आधारमा आपसी सम्बन्ध संचालन गर्न दुवै देशको मन्जुरी भएको कुरापनि सो संयुक्त विज्ञप्तिमा उल्लेख भएको छ। पञ्चशीलका पाँच सिद्धान्तहरू यी हुन्:-

१. एक-अर्काको क्षेत्रीय अखण्डता र सार्वभौमिकताप्रति आपसी आदर,

२. अनाक्रमण,

३. आर्थिक राजनैतिक अथवा सैद्धान्तिक कुनैपनि कारणले एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने,

४.समानता र आपसी लाभ, तथा

५. शान्तिपूर्ण सहअस्तित्व।

कूटनैतिक सम्बन्धको स्थापना भएपछि नेपाल र चीनका बीचको सम्बन्धमा द्रुतगतिमा विकास हुन थाल्यो। २०१३ सालमा सुसम्पन्न भएको श्री ५ महेन्द्रको शुभराज्याभिषेक समारोहमा चीनको तर्फबाट उलानफूको नेतृत्वमा एउटा प्रतिनिधिमण्डल नेपाल आयो र श्री ५ महाराजाधिराजका जुनाफमा चिनियाँ जनताको सम्मान र अभिवादन चढायो। त्यसैवर्ष चीनको तिब्बत क्षेत्रसित नेपालको व्यापार र आवागमन सम्बन्धमा नेपाल र चीनका बीच एउटा सम्झौतामा हस्ताक्षर भयो। नेपालबाट विदेश भ्रमणमा जाने पहिलो सांस्कृतिक प्रतिनिधिमण्डलले चीनगएर दुई देशका सांस्कृतिक सम्बन्धलाई मजबुत बनाए। २०१३ सालमा नै चीन सरकारको निमन्त्रणामा प्रधानमन्त्री श्री टंक प्रसाद आचार्यले चीनको भ्रमण गर्नुभयो। भ्रमणका अवसरमा तिब्बतमा नेपाली व्यापारीहरूका लागि विनिमय सुविधाका बारे सहमति हुनुका साथै नेपाल-चीन बीचको पहिलो आर्थिक सहयोग सम्झौतामा हस्ताक्षर भयो।

२०१३ साल माघमा नेपाल सरकारको मैत्रीपूर्ण निमन्त्रणामा चीनका प्रधानमन्त्री चाउ एन लाई नेपालको मैत्रीपूर्ण भ्रमणमा आउनु भयो। उहाँलाई नेपाली जनताले भव्यताकासाथ हार्दिक स्वागत गरे। यस भ्रमणबाट नेपाल र चीन बीचको मित्रतामा ज्यादै घनिष्ठताको सृजना गऱ्यो। २०१६ सालमा नेपाल र चीनका बीच अर्को आर्थिक सम्झौतामा हस्ताक्षर भयो। त्यसै अवसरमा दुई देशहरूका सीमानालाई वैज्ञानिक ढंगमा निश्चित गरी रेखांकन गर्न तथा सीमाना सन्धिको मस्यौदा तयार गर्न नेपाल-चीन सीमाना संयुक्त आयोगको गठन भयो। नेपाल र चीनका सीमानाको विधिवत् निर्धारण नभए पनि सीमा रेखा यसरी गुज्रेको छ भन्ने बारे दुवै देशमा परम्परागत जानकारी रहेको थियो। यसैलाई आधार मानी सीमानाको रेखांकन गर्ने काम संयुक्त सीमाना समितिले गऱ्यो।

२०१७ सालमा चिनिया प्रधानमंत्री श्री चाउ एन लाई नेपालको दोस्रो भ्रमणमा आउनुभयो। उहाँका साथ उप-प्रधानमंत्री तथा विदेश मन्त्री मार्शल चेन यी पनि हुनुहुन्थ्यो। प्रधानमन्त्री चाओको त्यस भ्रमणको अवसरमा नेपाल र चीनका बीच शान्ति र मित्रता सम्बन्धी सन्धिमा हस्ताक्षर भयो। पाँचवटा दफाहरू भएको उक्त सन्धिको पहिलो दफामा दुवै मुलुकले एक अर्काको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको कदर गर्ने, दोस्रो दफामा पारस्परिक शान्ति र मित्रता कायम र विकास गर्दै आपसी मतभेदलाई शान्तिपूर्ण छलफलबाट टुंगो लगाउने, तेस्रो दफामा समानता, आपसीहित र एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तहरूका आधारमा आर्थिक र सांस्कृतिक सम्बन्धको विकास गर्ने कुरा मुख्य रूपमा उल्लेख भएका छन्।

२०१८ सालमा श्री ५ महेन्द्र चीनको राजकीय यात्रामा सवारी भयो। नेपाल नरेशको चीनको प्रथम भ्रमणमा चीनले मौसूफको भव्य तथा हार्दिक स्वागत गऱ्यो। मौसूफको सम्मानमा आयोजित रात्रीभोजमा स्वागत भाषण गर्दै चीनका राष्ट्रपति लिउ साओ-चीले कूटनैतिक सम्बन्धको स्थापना भएपछि नेपाल र चीनका परम्परागत मैत्री सम्बन्ध पञ्चशील र वाङडुङका दश सिद्धान्तहरू अनुरूप अरू विकसित हुँदैगइराखेको कुरा उल्लेख गर्दै दुई देशका बीचको सम्बन्धलाई भिन्न सामाजिक व्यवस्था भएका मुलुकहरूको बीचको नमुनाको रूपमा पेश गर्नुभयो। एक मात्र चीनको नेपालद्वारा दृढ समर्थन तथा सयुक्त राष्ट्र संघमा चीनको न्यायोचित प्रतिनिधित्वका निम्ति नेपालले गरेको प्रयासप्रति चिनिया राष्ट्रपतिले हार्दिक कृतज्ञता ज्ञापन गर्नुभयो।

श्री ५ महेन्द्रबाट प्रत्युत्तर भाषण बक्सँदै चीनसितको प्राचीन सम्बन्धलाई बिथोल्ने कुनै पनि प्रयास सफल हुने छैन भन्ने कुरामा विश्वास प्रकट गरिबक्स्यो। सबै मुलुकसित शान्ति, मित्रता र समानताका आधारमा सम्बन्धहरू सुदृढ गर्दै लैजाने नेपालको लक्ष्य रहेकोले त्यस कार्यमा छिमेकका ठूला राष्ट्रहरूको सहयोगको नेपालले हृदयदेखि नै स्वागत गर्ने कुरा पनि मौसूफबाट हुकुम भयो। श्री ५ महेन्द्रको राजकीय भ्रमणका अवसरमा नेपाल-चीन सीमाना सन्धिमा हस्ताक्षर भयो। राजकीय भ्रमणको अवसरमा नै काठमाडौं-कोदारी राजमार्गको निर्माण गर्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर भयो।

श्री ५ महेन्द्रको राजकीय भ्रमणको अन्तमा प्रकाशित संयुक्त विज्ञप्तिमा दुई देशहरूका बीच विद्यमान सम्बन्धमा सन्तोष व्यक्त गरिएको छ। श्री ५ को सरकारले अनुसरण गर्दै आएको शान्ति र असंलग्नताको स्वतन्त्र नीतिलाई चीनको पूर्ण समर्थन भएको कुरा पनि संयुक्त विज्ञप्तिमा उल्लेख छ।

काठमाडौंलाई तिब्बत स्वशासित क्षेत्रसित जोडने प्रस्तावित राजमार्गको विषयलाई लिएर विदेशमा निकै गलत प्रचारहरू भए। सो राजमार्गले साम्यवादलाई खुला निमन्त्रणा दिएको छ भन्ने झूठो प्रचारको प्रत्युत्तरमा श्री ५ महेन्द्रबाट साम्यवाद ट्याक्सीबाट बसाई सर्दैन भनी हुकुम भएको थियो। काठमाडौं-कोदारी राजमार्गले नेपालको तिब्बतसितको परम्परागत व्यापारमा ठूलो टेवा दिनुकासाथै कैयन् दुर्गम क्षेत्रलाई सुगम बनाएको छ। पर्यटनको दृष्टिबाट पनि यस मार्गको ठूलो संभावना रहेको छ।

एकअर्काप्रतिको पूर्ण समझदारी र विश्वास तथा एकअर्काको आकांक्षा र मान्यताहरूप्रति आपसी आदरको फलस्वरूप शान्तिपूर्ण सह-अस्तित्वमा आधारित नेपाल-चीन सम्बन्धमा लगातार विकास हुँदै गइराखेको छ। उच्चतम स्तरमा भ्रमणको आदान-प्रदानबाट द्विपक्षीय सम्बन्धमा हुने सकारात्मक परिणामबारे दुवै देशका नेताहरू सहमत भएकाले उच्चस्तरीय भ्रमणको क्रम जारी रहेको छ। २०३० साल मंसीरमा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट चीनको राजकीय भ्रमण गरिबक्स्यो। मौसूफका सम्मानमा प्रधानमन्त्री श्री चाउ एन लाईले आयोजना गर्नुभएको रात्रीभोजमा प्रत्युत्तर भाषण बक्सँदै श्री ५ वीरेन्द्रबाट हुकुम भयो:

"....चिनिया जनता र सरकारले सहयोग प्रदान गर्नुकासाथै नेपालीहरूको आफ्नै व्यक्तित्व विकसित गर्ने र आफ्नै ढंगको जीवन पद्धति अँगाल्ने उत्कट इच्छाप्रति देखाएको समझदारी नेपाली जनताका निम्ति सन्तोषका विषय हुन्।

एक देशले अर्को देशमाथि दबाव दिने वा अरूहरूले एउटामाथि दबाव दिने जस्ता विचार हाम्रो स्वभाव विरुद्ध र हामीलाई अमान्य पनि छन्। तसर्थ हामी विश्वका साना ठूला सबै देशहरूलाई बाहिरी हस्तक्षेप विना आ-आफ्नो राष्ट्रिय प्रतिभा सुहाउँदो व्यवस्था अपनाउने र विकास गर्ने अधिकार छ भन्ने कुरामा विश्वास राख्दछौं। हामीले अवलम्बन गरेको यस सिद्धान्तप्रति तपाईहरूको समझदारी र सराहना हाम्रो लागि ठूलो सन्तोषको कुरा हुन आएको छ।"

श्री ५ महाराजाधिराज सरकारबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी राखिबक्सेको प्रस्तावप्रति तुरुन्तै समर्थन व्यक्त गरेर चिनिया जनताले नेपाली जनताको ठूलो सद्भावना र कृतज्ञता हासिल गरेका छन्।

चीनको तिब्बत स्वशासित क्षेत्रसित नेपालको प्राचीन व्यापारिक र सांस्कृतिक सम्बन्धको परिप्रेक्ष्यमा श्री ५ महाराजाधिराज सरकारबाट २०३३ सालमा गरिबक्सेको सेचुवाँ तथा तिब्बतको भ्रमण ज्यादै नै महत्त्वपूर्ण छ। मौसूफको यस भ्रमणपछि जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्र र नेपालका बीच सम्बन्धमा एक नयाँ अध्यायको सुरू भएको छ। दुवै पक्षहरूबाट विभिन्न स्तरमा भ्रमणको आदान-प्रदान भएको छ भने व्यापार-वाणिज्य तथा पर्यटनका क्षेत्रमा पनि सहयोगको नयाँ संभावनाहरू बारे कुराकानी चलिराखेको छ।

नेपाल र चीनका बीचमा उच्चस्तरमा भएका भ्रमणको आदान-प्रदानले द्विपक्षीय सम्बन्धको विस्तार र सुदृढीकरणमाथि दुवै देशहरूले कति महत्त्व दिएका छन् भन्ने कुरा स्पष्ट भएको छ। चीनकातर्फबाट तत्कालीन उपाध्यक्ष श्री दङ साओ फिङ प्रधानमन्त्री चाउ चू याङको नेपाल यात्रा उल्लेखनीय छन्। २०४२ सालमा श्री ५ महाराजाधिराज सरकारको मैत्रीपूर्ण निमन्त्रणामा राष्ट्रपति ली स्यान न्यान नेपालको राजकीय भ्रमणमा आउनुभयो। यी उच्चस्तरीय भ्रमणहरूले नेपाल-चीन सम्बन्धको आवधिक पुनरावलोकनका साथै दुई देशका बीचका सहयोगका क्षेत्रहरू अरू विस्तार गर्न महत्त्वपूर्ण योगदान गरी सम्बन्धहरू अरू गहन पार्न सफल भएका छन्।

**दौत्य सम्बन्धको स्थापना भएदेखि नै मित्रराष्ट्र जनवादी गणतन्त्र चीनले नेपालको विकास प्रयासमा महत्त्वपूर्ण योगदान दिइआएको छ। चिनिया सहयोग नेपालको विकासका** पूर्वाधारहरू खडागर्नेतर्फ ज्यादै नै उपयोगी सिद्ध भएका छन्। काठमाडौं-पोखरा राजमार्ग, मुगलिङ-नारायणघाट राजमार्ग र प्रस्तावित मुस्ताङ-पोखरा राजमार्ग यिनका नमूना हुन्। त्यस्तै कागज कारखाना, कपडा उद्योग र चिनी कारखाना, पोखरामा बहुद्देश्यीय जलसंरक्षण आयोजना, ईंट-टायल र छालाजुत्ता कारखाना र ट्रली बससेवा आयोजनासफल चिनिया सहयोगका नमूना हुन्। चीनले नेपाली व्यापारीहरूलाई मशिनहरू झिकाउन ऋण उपलब्ध गराएको छ। आपसी हितकालागि पर्यटन उद्योगको विकासमा साझा प्रयास गर्न कदमहरू चालिंदै छन्। चीनसित नेपालको व्यापार द्विपक्षीय व्यापार सन्धि अनुरूप हुनेगरेको छ। द्विपक्षीय व्यापारमा सन्तुलन चीनको पक्षमा नै रहने गरेको छ। यस स्थितिमा सुधार गर्न आयात प्रतिस्थापन गर्ने उद्योगहरू स्थापना, संयुक्त लगानी र नेपाली निर्यात योग्य वस्तुहरूको उत्पादनमा वृद्धि गर्न नेपाल-चीन अन्तर सरकारी आर्थिक तथा व्यापारिक समितिमा विचार विमर्श हुने गरेको छ।

यसका अतिरिक्त नेपाल र चीनका बीच सास्कृतिक र खेलकूद प्रतिनिधिमण्डलको नियमित रूपमा आदान प्रदान हुने गरेको छ। चीनले नेपाली विद्यार्थीहरूलाई उच्चशिक्षाको निम्ति केही छात्रवृत्ति प्रदान गर्दछ।

### (ग) बंगलादेश

२०२९ सालमा दौत्य सम्बन्ध स्थापना भएदेखिनै नेपाल र बंगलादेशका बीच मैत्री, समझदारी र सद्भावनाको सम्बन्धहरू रहिआएको छ। असंलग्नता, संयुक्त राष्ट्र संघ तथा शान्तिपूर्ण सह-अस्तित्वका सिद्धान्तहरूमाथि दुवै देशहरूको समान आस्था रहिआएको छ। अल्प-विकसित मुलुकहरूको हितका लागि दुवै देशहरूबाट अन्तर्राष्ट्रिय स्तरमा पारस्परिक सहयोगको आधारमा प्रयासहरू भइराखेका छन्। रंगभेद र उपनिवेशवादका दुवै मुलुकहरू विरोधी छन् भने संयुक्त राष्ट्र संघको माध्यमद्वारा नयाँ विश्व आर्थिक प्रणालीको स्थापना गर्न दुवै देशहरू समान रूपले प्रयत्नशील छन्। दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको माध्यमद्वारा यस क्षेत्रका जनताहरूको हितका निम्ति संयुक्त प्रयास गर्न दुवै राष्ट्रहरू वचनबद्ध छन्। बंगलादेशद्वारा नेपालको शान्तिक्षेत्र प्रस्तावप्रति पूर्ण समर्थन यिनै समान दृष्टिकोण र धारणाहरूको प्रतीक हो।

उच्चस्तरीय भ्रमणहरूका आदान-प्रदानबाट दुई देशहरूका बीच रहिआएको मित्रताको सम्बन्ध अझ गहन तुल्याउन ठूलो योगदान मिलेको छ। श्री ५ महाराजाधिराज सरकार २०३४ सालमा बंगलादेशको राजकीय भ्रमणमा सवारी होइबक्स्यो। मौसूफमा बंगलादेशका जनता र सरकारले भव्य स्वागत चढाएका थिए। त्यस राजकीय भ्रमणका अवसरमा नेपाल र बंगलादेशका बीच सांस्कृतिक, शैक्षिक तथा वैज्ञानिक आदान-प्रदान सम्बन्धीसम्झौतामा हस्ताक्षर भयो। श्री ५ महाराजाधिराज सरकार २०३६ सालमा बंगलादेशको अनौपचारिक भ्रमणमा सवारी होइबक्सेको थियो। बंगलादेशका तर्फबाट २०३६ सालमा स्वर्गीय राष्ट्रपति जियाउर रहमानले नेपालको राजकीय तथा २०३७ सालमा अनौपचारिक भ्रमण गर्नुभएको थियो। रथी हुसेन मोहम्मद एर्शादले २०३९ सालमा बंगलादेशको सरकार प्रमुखका हैसियतले नेपालको भ्रमण गर्नुभएको थियो। राष्ट्रपति एर्शादले असार २०४३ सालमा नेपालको राजकीय भ्रमण गर्नुभयो।

नेपाल र बंगलादेशका बीच मन्त्री तथा अधिकृत स्तरमा कैयन् भ्रमणहरूको आदान प्रदान भएको छ। दुई देशका बीच आर्थिक सम्बन्धको विस्तारगर्न मन्त्रिस्तरमा एक, संयुक्त आर्थिक आयोगको गठन भएको छ।

बंगलादेशले नेपाललाई चटगाउँ बन्दरगाहमा पारवाहन सुविधा उपलब्ध गराएर नेपालको व्यापार विविधीकरणमा महत्त्वपूर्ण सहयोग उपलब्ध गराएको छ।

### (घ) भूटान

नेपाल र भूटान अधिराज्यका बीच २०४० सालमा दौत्य सम्बन्ध स्थापना भएको भए तापनि दुवै देशहरूका बीच परम्परागत मैत्री सम्बन्ध रहिआएको छ। असंलग्नता र दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनका शिखर सम्मेलनहरूले दुवै अधिराज्यका शीर्षस्थ नेताहरूका बीच विचारको आदान प्रदानका अवसर प्रदान गरेका छन्।

### (ङ) श्रीलंका

नेपालको श्रीलंकासित २०१४ सालमा दौत्य सम्बन्धको स्थापना भएको थियो। असंलग्नताका संस्थापक सदस्यहरूका हैसियतले दुवै मुलुकहरू आन्दोलनको सैद्धान्तिक स्वच्छताको रक्षा गरी त्यसलाई विकसित गर्दै लैजाने काममा वचनबद्ध छन्। त्यसै गरी संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा पनि दुवै मुलुकहरूले निकट सहयोग कायम राखेका छन्। शान्तिका निम्ति दुवै मुलुकहरू उत्तिकै प्रयत्नशील छन्। श्रीलंकाले नेपालको शान्तिक्षेत्र प्रस्तावप्रति समर्थन जनाएको छ भने नेपालले पनि हिन्द महासागरलाई शान्तिक्षेत्र बनाउने श्रीलंकाको प्रयासप्रति दृढ समर्थन व्यक्त गर्दै आएको छ। बौद्ध धर्मले नेपाल र श्रीलंकाको बीच सांस्कृतिक सामीप्य ल्याउन सहयोग गरेको छ। लुम्बिनी विकासमा श्रीलंकाको गंभीर अभिरूचि छ र वर्षेनी कैयन् तीर्थयात्रीहरू श्रीलंकाबाट भगवान् बुद्धको जन्मस्थलमा तीर्थ गर्न आउँदछन्।

दुवै मुलुकहरूमा विद्यमान सम्बन्धहरूको विकासमा उच्चस्तरीय भ्रमणहरूको आदान-प्रदानले ठूलो सहयोग गरेको छ। २०३७ सालमा श्री ५ महाराजाधिराज सरकारबाट श्रीलंकाको राजकीय भ्रमण गरिबक्सेको थियो। २०३५ सालमा राष्ट्रपति जुनीयस रिचार्ड जयबर्द्धनेले नेपालको राजकीय भ्रमण गर्नुभएको थियो।

### (च) पाकिस्तान

आपसी समझदारी र सद्भावनामा नेपाल र पाकिस्तान बीचका मैत्रीपूर्ण सम्बन्धहरू आधारित छन्। नेपालले संसारका सबै राष्ट्रहरू र खासगरीकन छिमेकीमित्रराष्ट्रहरूसित सम्बन्ध बढाउने नीति लिए अनुसार पाकिस्तानसित दौत्य सम्बन्ध स्थापना गरी सम्बन्धहरूको विकास गर्दै लगेको छ। २०१८ सालमा पाकिस्तानको राजकीय भ्रमणको अवसरमा स्वर्गीय श्री ५ महेन्द्रबाट आपसी अनाक्रमण, क्षेत्रीय सार्वभौमिकता र स्वाधीनता, एकअर्काका आन्तरिक मामिलामा अहस्तक्षेप तथा मित्रता र सहयोगका सिद्धान्तहरूका वचन र कर्मले पालना गरे मात्र विश्वशान्तिलाई टेवा पुग्ने कुरा हुकुम भएको थियो। २०२० सालमा राष्ट्रपति अयूब खाँले नेपालको राजकीय भ्रमण गर्नुभयो। यी भ्रमणहरू र अरू उच्चस्तरीय भ्रमणहरूले आपसी हितका विषयहरूमा विचारका आदान प्रदानकासाथै सहयोगका क्षेत्रहरू विस्तार गर्ने अवसरहरू प्रदान गरेका छन्। नेपाल र पाकिस्तानका बीच व्यापार तथा आर्थिक सहयोग र हवाई सेवा सम्बन्धी सम्झौताहरू सम्पन्न भएका छन्। केही नेपाली विद्यार्थीहरूलाई पाकिस्तानले उच्चस्तरको तालीमको अवसर प्रदान गरेको छ।

श्री ५ महाराजाधिराज सरकार २०३७ सालमा पाकिस्तानको औपचारिक भ्रमण तथा २०३८ सालमा अनौपचारिक भ्रमणमा सवारी होइबक्सेको थियो। २०४० सालमा राष्ट्रपति जियाउल हकले नेपालको राजकीय भ्रमण गर्नुभयो। नेपाल-पाकिस्तानका बीच आर्थिक सहयोगको विस्तार गर्न संयुक्त आयोगको गठन भएको छ।

विश्वका कैयन् प्रमुख घटनाहरूमा समान दृष्टिकोण राख्ने नेपाल र पाकिस्तान असंलग्न आन्दोलनका सदस्य रहिआएका छन्। संयुक्त राष्ट्र संघ तथा अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा दुई देशहरूका बीच निकटतम सहयोग रहेको छ। पाकिस्तानले नेपालको शान्ति-क्षेत्र प्रस्तावप्रति तुरुन्तै व्यक्त गरेको समर्थन द्विपक्षीय समझदारी र मैत्रीको द्योतक हो।

### (छ) माल्दिभ्स

नेपालले २०३७ सालमा माल्दिभ्ससित कूटनैतिक सम्बन्ध स्थापना गर्‍यो। २०३९ सालमा श्री ५ महाराजाधिराज सरकारबाट गरिबक्सेको माल्दिभ्सको भ्रमणले दुई देशहरूका बीचको सम्बन्ध फस्टाउनमा ज्यादै ठूलो भूमिका खेलेको छ। २०४२ सालमा राष्ट्रपति मौमुन अब्दुल गैयुमले नेपालको राजकीय भ्रमण गर्नुभयो। भर्खरै विकसित हुन थालेको नेपाल-माल्दिभ्स सम्बन्धको सम्बर्द्धनमा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको पनि महत्वपूर्ण योगदान रहेको छ। माल्दिभ्सले नेपालको शान्तिक्षेत्रको प्रस्तावप्रति पूर्ण समर्थन व्यक्त गरेकोछ।

## २. एशिया तथा प्रशान्त क्षेत्रका मित्रराष्ट्रहरू

२०१६ सालमा दौत्य सम्बन्धको स्थापना भएदेखि नै नेपाल र बर्माका बीच निकटतम मैत्री र सद्भावना रहिआएको छ। दुवै देशहरूका बीच सांस्कृतिक सम्बन्धहरूका अतिरिक्त बर्मामा बसोबास गर्ने करीब ८०,००० नेपाली मूलका बर्मेलीहरूले दुवैदेशका जनताहरूकाबीच सम्बन्धको एक श्रृङ्खला बनाएका छन्। आपसी सद्भावना र आदर, विश्वका प्रमुख घटनाहरूप्रति समान दृष्टिकोण र छिमेकीहरूसित शान्ति र सामञ्जस्यमा बाँच्न चाहने दुवै मुलुकहरूको साझा आकांक्षाले गर्दा नेपाल र बर्माको बीच सम्बन्धहरूलाई अझ सुदृढ गराएका छन्। यसै समझदारीको प्रतीक स्वरूप बर्माले नेपालको शान्ति-क्षेत्र प्रस्तावप्रति पूर्ण समर्थन जनाएको छ। श्री ५ महाराजाधिराज सरकारबाट २०३० सालमा गरिबक्सेको बर्माको अनौपचारिक भ्रमण र बर्मेली राष्ट्रपति उ ने वीनको २०३४ सालको नेपालको भ्रमण दुवै देशहरूको सम्बन्धको इतिहासमा महत्वपूर्ण अध्यायहरू हुन्।

आसियानका ६ सदस्य राष्ट्रहरू —थाइलैण्ड, ब्रुनाई, इण्डोनेशिया, मलेशिया, सिंगापुररफिलिपिन्ससित नेपालको निकट समझदारी र मैत्रीपूर्ण सम्बन्धहरू रहिआएका छन्। श्री ५ महाराजाधिराज सरकारबाट आसियान समूहको ६ वटै सदस्य राष्ट्रहरूको राजकीय वा अनौपचारिक भ्रमणमा सवारी होइबक्सेको तथ्यबाट ती राष्ट्रहरूसित नेपालको घनिष्ठ सम्बन्धको परिचय मिल्दछ। आसियानका वरिष्ठ नेताहरूले पनि विभिन्न समयमा नेपालको भ्रमण गर्नुभएको छ।

शान्तिपूर्ण सह-अस्तित्वका सिद्धान्तहरूमाथिको समान विश्वास नेपाल र आसियानका सदस्य राष्ट्रहरूका बीच सम्बन्धको बलियो आधार भएको छ। आसियानका सबै ६ राष्ट्रहरूले नेपालको शान्ति-क्षेत्र प्रस्तावको समर्थन गरेका छन्। नेपालले पनि दक्षिण पूर्वी एशियालाई शान्ति, तटस्थता र स्वतन्त्रताको क्षेत्र बनाउने आसियानको प्रस्तावप्रति शुरूदेखि नै दृढ समर्थन जनाउँदै आएको छ। अन्तर्राष्ट्रिय शान्ति सुरक्षा तथा सहयोगका प्रश्नहरूमाथि नेपाल र आसियान समूहको समान धारणा रहेकाले शान्ति, सुरक्षा र न्यायका पक्षका यी राष्ट्रहरूले पारस्परिक सहयोगको भावना लिएर अन्तर्राष्ट्रिय रंगमंचमा कार्य गरिरहेका छन्।

उत्तर र दक्षिण दुवै कोरियाहरूसित नेपालको असल मैत्रीसम्बन्ध रहिआएको छ। दुवै कोरियाले नेपालको शान्ति-क्षेत्रको प्रस्तावलाई समर्थन गरेका छन्। नेपालले कोरियाको एकीकरणको प्रश्नमा दुवै कोरियाका जनताहरूको बाहिरी हस्तक्षेप विना नै शान्तिपूर्ण ढंगले राष्ट्रिय एकीकरण गर्ने अधिकारको समर्थन गर्ने नीति लिएको छ जसलाई कोरियाली जनताहरूले प्रशंसाको दृष्टिले हेरेका छन्।

२०१३ सालमा दौत्य सम्बन्धको स्थापना भएदेखि नै नेपाल र जापानका बीच घनिष्ठ मैत्री र सहयोगको सम्बन्ध रहिआएको छ। नेपालको आर्थिक

विकासमा जापानको विशिष्ट योगदान रहेको छ। शुरूमा केही सांकेतिक सहयोगबाट शुरू भएको यो क्रममा आज जापान नेपाललाई सहयोग उपलब्ध गराउने राष्ट्रहरूको पहिलो पंक्तिमा पुगेको छ। कृषिमा जनकपुर क्षेत्रीय कृषि विकास आयोजना, जल-विद्युत्मा कुलेखानी जल-विद्युत् केन्द्रको निर्माण र विद्युत् प्रसारण प्रणाली, शिक्षामा जनकशिक्षा सामग्री केन्द्रलाई सहयोग, गोदाम घरहरूको निर्माण र रासायनिक मल र कृषि सामग्रीको आपूर्ति, काठमाडौं शहरी यातायातको सुदृढीकरण, रेडियो नेपालको प्रसारण केन्द्र आदि मुख्य जापानी सहयोग प्राप्त परियोजनाहरू हुन्। जापानी प्राविधिक सहयोग कार्यक्रम अन्तर्गत कैयन् नेपालीहरूलाई जापानमा विभिन्न क्षेत्रमा दक्षता तालीम उपलब्ध गराइँदैछ भने नेपालमा कैयन् जापानी दक्ष र स्वयम् सेवकहरू कार्यमा संलग्न छन्। जापानका विशिष्ट विद्वानहरू नेपालको जाति-जनजाति, वनस्पति, वातावरण र भू-प्राकृतिक बनौटको अध्ययनमा कार्यरत छन्। नेपालको पर्यटन उद्योगमा पनि जापानी पर्यटकहरूको संख्या महत्त्वपूर्ण छ। नेपालले जापानबाट मशीनहरू, लत्ता-कपडा, मोटर गाडी र अरू कैयन् घरेलु र व्यापारिक प्रयोगका वस्तुहरू आयात गर्दछ। नेपालबाट जापान निर्यात हुने वस्तुहरूको सीमित प्रकार र परिमाणले गर्दा व्यापारिक सन्तुलन अत्यधिक रूपमा जापानको पक्षमा रहेको छ र आर्थिक सहयोग उपलब्ध गराएर जापानले घाटा कम गर्न सहयोग गरिराखेको छ।

२०१६ सालमै स्वर्गीय श्री ५ महेन्द्रबाट जापानको राजकीय भ्रमण गरिबक्सेको कुरा अघिल्ला अध्यायमा उल्लेख भएको छ। जापानबाट युवराज आकिहितो र राजपरिवारका अन्य सदस्यहरूका साथै विशिष्ट नेताहरूले नेपालको भ्रमण गर्नु भएको छ।

२०३५ सालमा श्री ५ महाराजाधिराज सरकार जापानको राजकीय भ्रमणमा सवारी होइबक्स्यो। उक्त अवसरमा आयोजित राजकीय भोजमा प्रत्युत्तर भाषण बक्सँदै श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो:-

''नेपाल र जापान भौगोलिक हिसाबले टाढा छन् तापनि हाम्रा संस्कृतिहरू केही मात्रामा मिल्दा–जुल्दा छन्। यही समान सांस्कृतिक प्रवृत्तिले गर्दा नै हाम्रा दुवै देशहरूका परराष्ट्रनीतिको प्रकृति पनि शान्तिको निम्ति एकलव्य भएर लाग्ने अथवा शान्तिलाई एकमात्र लक्ष्य तुल्याउने हुन पुगेको छ। .....हालका महत्त्वपूर्ण अन्तर्राष्ट्रिय बिषयहरूमा हाम्रा मुलुकमा सरकारहरूको समान दृष्टिकोण रहेको छ। उत्तरका धनी मुलुकहरू र दक्षिणका गरीब मुलुकहरूका बीच सहयोग हुनु पर्ने कुरा एक ऐतिहासिक वाध्यता हो भन्ने कुरामा हामी दुवैथरी सहमत छौं। आफुस्वयम् उद्योगको भरले विश्वका समुन्नत राष्ट्रहरूको पहिलो पंक्ति ओगट्न पुगेको सामञ्जस्य प्रेमी जापानले विकसित र विकासोन्मुख राष्ट्रहरूका स्वार्थमा सामञ्जस्य ल्याउन कत्तिको आवश्यक छ भन्ने कुरा सहजै बुझेको हुनु पर्दछ। हाम्रा दुई देशहरू बीच रहिआएको सहयोग र मैत्रीलाई बढाउँदै लगेमा नेपाल-जापान सम्बन्ध विश्वका विभिन्न आर्थिक स्थितिमा रहेका मुलुकहरूका बीच सामञ्जस्य र मेलमिलापको आदर्श नमुना बन्न सक्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं।''

अष्ट्रेलिया र न्यूजिल्याण्डसित नेपालको सौहार्दपूर्ण सम्बन्धहरू रहिआएको छ। अष्ट्रेलियाले वनसंरक्षणमा नेपाललाई महत्वपूर्ण सहयोग उपलब्ध गराएको छ। २०४२ सालमा श्री ५ महाराजाधिराज सरकारबाट गरिबक्सेको अष्ट्रेलियाको राजकीय भ्रमणबाट नेपाल-अष्ट्रेलिया सम्बन्धमा एक नयाँ अध्यायको शुरूभएको छ। स्वास्थ्य र हवाई सेवाको क्षेत्रमा पनि अष्ट्रेलियाले नेपाललाई सहयोग उपलब्ध गराएको छ।

मध्यपूर्वमा इरान र अरबराष्ट्रहरूसित नेपालको सौहार्दपूर्ण सम्बन्ध रहेको छ। श्री ५ महाराजाधिराज सरकारबाट इरान, बहराइन, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया,जोर्डान, इजिप्ट र अल्जेरियाको भ्रमण गरिबक्सेको छ। कुवेती विकास कोष र साउदी विकास कोषबाट नेपाललाई केही ऋण सहयोग उपलब्ध भएको छ। असंलग्न आन्दोलनको संस्थापक सदस्यका नाताले नेपाल र इजिप्टका बीच स्वर्गीय श्री ५ महेन्द्रको पालादेखि नै घनिष्ठ सम्बन्धहरू रहिआएका छन्। केही महत्त्वपूर्ण अन्तर्राष्ट्रिय राजनैतिक र आर्थिक विषयहरूमा नेपाली र अरब प्रतिनिधिका बीच पारस्परिक सहयोगका भावना रहिआएका छन्।

मध्यपूर्वको समस्या शान्तिपूर्ण र स्थायी ढंगबाट समाधान गर्न प्यालेष्टिनी जनताहरूको न्यायोचित अधिकारको पुनर्स्थापना गर्न अनिवार्य छ भन्ने नेपालको नीति रहि-आएको छ। यसका साथै इजरायलको पनि निश्चित सीमानाभित्र शान्तिपूर्ण तवरले बाँच्ने अधिकारको सम्मान हुनुपर्दछ भन्ने नेपालको विश्वास छ। समस्याको शान्तिपूर्ण समाधानमा साधक बन्न इजरायलले सन् १९६७ मा जितेका भू-भागबाट सैन्य फिर्ता गर्नुपर्दछ भनी नेपालले आवाज उठाउँदै आएको छ।

इरान र इराकको बीचको युद्ध समाप्तगरी शान्तिपूर्ण तरीकाबाट समस्याको समाधान खोज्न पनि नेपालले आग्रह गर्दै आएको छ।

## ३. अन्य मित्रराष्ट्रहरूसँग नेपालको सम्बन्ध

नेपालले सोभियत संघसित २०१३ सालमा राजदूत स्तरमा कूटनीतिक सम्बन्ध स्थापना गरेको थियो। सम्बन्ध स्थापना भएको दुई वर्षमा नै स्वर्गीय श्री ५ महेन्द्रबाट सोभियत संघको राजकीय भ्रमण गरिबक्स्यो। नेपालका महाराजाधिराजलाई राजकीय भ्रमणका लागि आमन्त्रण गर्ने पहिलो महाशक्ति सोभियत संघ नै थियो। श्री ५ महेन्द्रको सोभियत जनता, सरकारले भव्य तरीकाले हार्दिक स्वागत गरेका थिए। श्री ५ महेन्द्रको मैत्रीपूर्ण निमन्त्रणामा सोभियत संघका सर्वोच्च सोभियतको अध्यक्ष मण्डलको अध्यक्ष मार्शल भोरोशिलोभले २०१६ सालमा नेपालको राजकीय भ्रमण गर्नुभयो। नेपाललाई सोभियत संघबाट प्राप्त सहयोगमा निर्माण भएको जनकपुर चुरोट कारखाना, वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना र महेन्द्र राजमार्गको ढल्केबार- पथलैया खण्ड उल्लेखनीय छन्। सोभियत संघबाट वर्षेनी उच्च प्राविधिक स्तरमा शैक्षिक तालिमका निम्ति छात्रवृत्तिहरू उपलब्ध हुने गरेका छन्।

असंलग्नता तथा संयुक्त राष्ट्रसंघका बडापत्रमा निहित सिद्धान्तहरू तथा शान्तिपूर्ण सह-अस्तित्वका सिद्धान्तहरूको अनुसरण गर्दै नेपालले विश्वका महाशक्तिहरूसित मैत्री सम्बन्ध अझ दरिलो पार्दै लैजाने नीतिको अवलम्बन गर्दै आइराखेकोछ। आर्थिक र सामाजिक परिपाटीका भिन्नताले दुईराष्ट्रहरूका बीचको सम्बन्धमा कुनै असर नपार्ने कुरा नेपाल-सोभियत संघ मैत्री सम्बन्धबाट स्पष्ट छ। स्वर्गीय श्री ५ महेन्द्रबाट हुर्काई बक्सेको नेपाल-सोभियत संघको सम्बन्धको विस्तारमा श्री ५ महाराजाधिराज सरकारबाट २०३३ सालमा गरिबक्सेको राजकीय भ्रमणले अरू सुदृढ गराएको छ। त्यस अवसरमा सोभियत समाजवादी गणतन्त्र संघको सर्वोच्च सोभियतका अध्यक्ष मण्डलका अध्यक्ष श्री निकोलाई पोदगोर्नीद्वारा आयोजित राजकीय भोजमा प्रत्युत्तर भाषण बक्सँदै श्री ५ महाराजाधिराज सरकारबाट हुकुम भयो:-

''... सन् १९५६ देखि नेपाल र सोभियत संघ दुवै मिलेर मितेरीको लामो बाटो सँगै हिडेका हुन्। हामी दुवैले आपसमा मिलेर शान्ति र प्रगति समान लक्ष्य राखेका छौं र हामीलाई विश्वास छ यसरी नै हामी दुवै विश्वमा बढी सहयोग र सद्भावना बढाउन योगदान गर्न समर्थ हुनेछौं र हाम्रा दुई देशका बीचको मित्रता ठूलो र सानो, विकसित वा विकासशील एवम् विभिन्न सामाजिक, राजनैतिक परिपाटी भएका देशहरूका बीचको मित्रताको एक राम्रो उदाहरण बन्न सक्नेछ। अध्यक्ष महोदय, समझदारीको अभिवृद्धि गर्न हामीले सोभियत संघको यो भ्रमण गरेका हौं र हामीलाई के विश्वास छ भने दुई देशका जनता र नेताहरू बीचको वेला बखतको भ्रमणहरूबाट हाम्रो आपसी समझदारीलाई अझ बढाउन सकिन्छ। शान्ति र मैत्रीमा विश्वास राख्ने सम्पूर्ण मुलुकहरूसित मेरो सरकारले राम्रो सम्बन्ध कायमै राखेको छ तापनि विश्वमा शान्ति र स्थिरताको लागि निर्णायक भूमिका खेल्न सक्ने क्षमता भएको नाताले ठूला शक्ति सम्पन्न राष्ट्रहरूसँग हाम्रो सम्बन्धले विशेष महत्त्व राख्दछ।''

नेपाल र सोभियत संघका बीच मंत्री एवम् उच्च अधिकृत स्तरमा नियमित रूपमा भ्रमणको आदान प्रदान भई राखेको छ। यी भ्रमणले दुई देशका बीच विचारको आदान प्रदान गर्ने अवसरहरू प्रदान गरेका छन्। दुवै देशहरूका बीच सांस्कृतिक आदान प्रदान पनि समय सम्यमा हुने गरेको छ।

संयुक्त राष्ट्र संघको बडापत्रमा निहित सिद्धान्तहरूमाथि अटल आस्था राख्ने नेपाल अफगानिस्तानको घटनाबाट चिन्तित भएको छ। कुनै पनि मुलुकको आन्तरिक मामिलामा कुनै पनि कारण वा अवस्थामा हस्तक्षेप नगरिनु राष्ट्रहरूको शान्तिपूर्ण सह-अस्तित्वको निम्ति एक अनिवार्य पूर्वाधार हो। विश्व- शान्तिको निम्ति विशेष जिम्मेवारी भएका महाशक्तिहरूमा न्यायपूर्ण, अन्तर्राष्ट्रिय सम्बन्धको यस प्राथमिक अनिवार्यता प्रति विशेष जागरूकता आवश्यक छ। त्यसैले अफगानिस्तानबाट विदेशी सैनिकहरू फिर्ता गर्ने अन्तर्राष्ट्रिय मागको नेपालले जोडदार समर्थन गर्दै आएको छ। त्यसो भएमामात्र अफगानिस्तानको क्षेत्रीय अखण्डता रसार्वभौमिकतापूर्ण रूपमा प्रतिष्ठित भई अफगानी जनताले आत्म निर्णयको अधिकार उपभोग गर्न पाउनेछन् भन्ने नेपालको विश्वास छ।

एक शताब्दी भन्दा पुराना नेपाल फ्रान्स सम्बन्धहरू २००६ सालमा कूटनैतिक सम्बन्धको स्थापना भए पछि निरन्तर रूपमा विकसित हुँदै गइराखेका छन्। असंलग्नता तथा शान्तिपूर्ण सह-अस्तित्वका सिद्धान्तहरू प्रति नेपालको वचनबद्धतालाई फ्रान्सले सदैव कदर गर्दै आएको छ। संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय निकायहरूमा नेपाल र फ्रान्सले कैयन् महत्त्वपूर्ण विषयहरूमा समान दृष्टिकोण राखेका छन्। २०३८ सालमा पेरिसमा सम्पन्न भएको अल्प विकसित मुलुकहरूबारे राष्ट्र संघीय सम्मेलनमा श्री ५ महाराजाधिराज सरकारबाट एशिया र प्रशान्त क्षेत्रका अल्पविकसित मुलुकहरूको प्रतिनिधित्व गरिबक्सँदै सम्बोधन बक्स भएको थियो। सो अवसरमा फ्रान्सका नवनिर्वाचित राष्ट्रपति फ्रांस्वा मितराँसित उच्चतम स्तरमा सम्बन्ध स्थापना भयो। २०४० सालमा श्री ५ महाराजाधिराज सरकारको मैत्रीपूर्ण निमन्त्रणामा राष्ट्रपति मितराँले नेपालको राजकीय भ्रमण गर्नुभयो। अन्तर्राष्ट्रिय तथा द्विपक्षीय विषयहरूमा विचारका आदान प्रदान गर्ने मौकाका साथै यी उच्चस्तरीय भ्रमणहरूले नेपाल फ्रान्स सम्बन्धमा एक नयाँ युगको थालनी गरेका छन्। नेपालको दृष्टिकोण र आकांक्षा

प्रति फ्रान्सको समझदारी शान्ति क्षेत्र प्रस्तावप्रतिको समर्थनमा प्रतिबिम्बित भएको छ। नेपाल र फ्रान्सकाबीच सम्बन्धहरू विस्तारित गर्ने हेतुले दुई देशहरूले आर्थिक सहयोगका साथै सांस्कृतिक वैज्ञानिक र प्राविधिक सहयोग सम्बन्धी संझौताहरूमा हस्ताक्षर गरेका छन्।

सुगौलीको सन्धि भए देखि नै नेपाल र संयुक्त अधिराज्यका बीच अविचलित मैत्री सम्बन्धहरू रहि आएका छन्। आपसी विश्वास र समझदारी यो मधुर सम्बन्धको आधार रहिआएका छन्। नेपालका समस्या, आकांक्षा र दृष्टिकोण प्रति संयुक्त अधिराज्यले पूर्ण समझदारी देखाएको छ। भ्रमणहरूका आदान प्रदानले सम्बन्धहरू अरू दरिलो र फराकिलो पार्न प्रशस्त सहयोग गरेका छन्।

स्वर्गीय श्री ५ महेन्द्रको बेलायतको राजकीय भ्रमणपछि महारानी एलिजावेथ द्वितीयाबाट २०१७ सालमा नेपालको राजकीय भ्रमणमा सवारी होइबक्स्यो। नेपाली जनताले मौसूफमा अत्यन्त हार्दिक स्वागत अभिवादन चढाए। पारस्परिक मैत्री एवम् सदभावनको प्रतीक स्वरूप दुवै अधिराज्यका राजपरिवारका सदस्यहरूबाट भ्रमणको आदान प्रदान हुने गरेको छ।

नेपाल संयुक्त अधिराज्यका बीच विद्यमान सम्बन्धहरूमा श्री ५ महाराजाधिराज सरकारबाट २०३७ सालमा गरिबक्सेको राजकीय भ्रमणको विशिष्ट स्थान रहेको छ। सोही भ्रमणका अवसरमा बेलायतले नेपालको शान्ति क्षेत्र प्रस्तावप्रति पूर्ण समर्थन व्यक्त गरेको हो।

२०४२ सालमा महारानी एलिजावेथ राजकुमार फिलिपकासाथ नेपालको राजकीय भ्रमणमा सवारी होइबक्स्यो। महारानीको नेपालको पहिलो भ्रमणको ठीक पच्चीसवर्ष पछि भएको यो दोस्रो भ्रमण थियो। महारानी एलिजावेथप्रति नेपाली जनताले व्यक्त गरेको हार्दिकता र स्नेह दुवै अधिराज्यहरूका बीच विद्यमान मैत्रीपूर्ण सम्बन्धको द्योतक थियो। महारानी एलिजावेथलेत्यस अवसरमा पंचायती व्यवस्थाको पच्चीस वर्षमा नेपालले हासिल गरेको सफलता र प्रजातान्त्रिक सिद्धान्त र अभ्यासहरूका आधारमा आफ्नो सामु राखेका लक्ष्यहरूको सराहना गरिबक्सेको थियो।

संयुक्त अधिराज्यका मंत्री, संसद् सदस्य तथा उच्च अधिकारीहरूका तर्फबाट नेपालको भ्रमण भएका छन्। नेपालबाट पनि उच्चस्तरीय प्रतिनिधिमण्डलहरूले संयुक्त अधिराज्यको भ्रमण गरेका छन्। नेपालप्रति सद्भावनाको प्रतीक स्वरूप संयुक्त अधिराज्यबाट प्राप्त हुने सहयोग अनुदानकोरूपमा प्राप्त हुने गरेको छ नारायणघाट-वुटवल राजमार्ग र धरान -धनकुटा राजमार्ग वेलायतको सहयोगबाट निर्मित सडकहरू हुन्। चिया विकासमा पनि संयुक्त अधिराज्यको सहयोग प्राप्त भएको छ। वेलायतको सहयोगमा लुम्ले र पाखिवास कृषि केन्द्रहरू, कोकि पहाडी क्षेत्र ग्रामीण विकास परियोजना, कोशी जलाधार क्षेत्र व्यवस्थापनका साथै भौगर्भिक अनुसन्धान र अन्वेषणहरू कार्यान्वयन भै राखेका छन्। नेपालको शिक्षाको विकासमा बेलायतको महत्त्वपूर्ण सहयोग रहेको छ र विभिन्न क्षेत्रमा नेपालीहरूलाई उच्चशिक्षा तालिम गर्ने मौका वेलायतवाट प्राप्त भएको छ।

नेपाल र संयुक्त राज्य अमेरिका बीचका सम्बन्धहरू सदैव आपसी समझदारीमा आधारित छन्। अल्पविकसित भूपरिवेष्टित नेपालको शान्तिमा बाँच्ने र विकास गर्ने आकांक्षाको अमेरिकाले सदैव कदर गरेको छ। इतिहास, भूगोल र परिस्थितिले फरक भएतापनि दुई देशहरूका बीच सम्बन्ध आपसी हितका निम्ति विकसित गर्दै लैजान सकिन्छ भन्ने दृष्टान्त नेपाल- अमेरिकाको सम्बन्धबाट स्पष्ट हुन्छ। संयुक्त राज्य अमेरिकाले नेपालको असंलग्नताको नीतिप्रति सहानुभूतिपूर्ण दृष्टिकोण राखेको छ। यसैगरी विश्वका प्रमुख घटनाहरूप्रति नेपालको स्वतन्त्र धारणा र नीतिको पनि अमेरिकाले सराहना गरेको छ। आफ्नो अस्तित्वको संरक्षण गर्दै विकास गर्नेर विकासको निम्ति शान्तिलाई संस्थागत गर्ने नेपालको आकांक्षाप्रति समझवारी देखाउँदै संयुक्त राज्य अमेरिकाले नेपालको शान्ति क्षेत्र प्रस्तावप्रति समर्थन जनाएको छ।

स्वर्गीयश्री ५ महेन्द्रबाट अमेरिकासितको द्विपक्षीय सम्बन्धको विस्तार गर्न महत्त्वपूर्ण कदमहरू चालिबक्सेको थियो। मौसूफको अमेरिकाका भ्रमणहरू यस दिशामा अत्यन्त सहयोगी सिद्ध भएका छन्। दुई देशहरूका बीच उच्चस्तरमा भ्रमणको नियमित आदानप्रदान हुने गरेको छ। २०२६ सालमा उप राष्ट्रपति स्पाइरो टी. एगन्यूले नेपालको भ्रमण गर्नुभएको थियो। अमेरिकी विदेश विभाग, अन्तर्राष्ट्रिय विकासको लागि अमेरिकी आयोग र अन्य सरकारी निकायहरूका प्रमुख व्यक्तिहरूले नेपालको भ्रमण गरी द्विपक्षीय र अन्य कैयन् विषयहरूमा छलफल गरेका छन्। यसैगरी भूतपूर्व राष्ट्रपति र विदेशमंत्रीहरूले पनि नेपालको भ्रमण गरेका छन्। नेपालका तर्फबाट राजपरिवारका सदस्यहरूबाट भएका अमेरिकाका भ्रमण उल्लेखनीय छन्।

२०४० सालमा श्री ५ महाराजाधिराज सरकारबाट अमेरिकाको अत्यन्त सफल र प्रभावकारी राजकीय भ्रमण गरिवक्स्यो। मौसूफहरूमा जस्तो सहृदयताकासाथ अमेरिकी सरकार र जनताले स्वागत गरे त्यसबाट दुवै देशहरूबीच रहिआएको सम्बन्धको न्यानोपनाको आभास पाउन सकिन्छ।

संयुक्त राज्य अमेरिकाले श्री ५ को सरकारको विकास नीतिका प्राथमिकता अनुरूप अमेरिकी सहयोगको अधिकतम सदुपयोग हुनेक्षेत्रहरूमा नेपाललाई सहयोग जारी राख्ने वचन दिएको छ। यस नीति अनुसार अमेरिकी सहयोग कृषि उत्पादन वृद्धि, स्वास्थ्य, परिवार नियोजन र शिक्षामा आधारभूत सेवाहरूको सुदृढीकरण र विस्तार, साधनको संरक्षण र व्यवस्थापन तथा एकीकृत ग्रामीण विकासहरूमा केन्द्रित रहेको छ। तीन दशक भन्दा बढी समयदेखि अमेरिकाले नेपाललाई आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ। प्राथमिक शिक्षा,शिक्षकतालीम र शैक्षिक सामग्री उत्पादनमा अमेरिकाले ठूलो सहयोग पुऱ्याएको छ। नेपालको आर्थिक विकासमा टेवा दिने हेतुले अमेरिकाले नेपाललाई व्यापारमा विशेष सुविधा पाउने विकासोन्मुख मुलुकहरूको सूचीमा राखेको छ। अमेरिकी पिसकोरका स्वयम् सेवकहरूले नेपालमा आई विकास कार्यमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। अन्तर्राष्ट्रिय आगन्तुक कार्यक्रम अन्तर्गत नेपालबाट विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरू वर्षेनी अमेरिकाको सद्भावना भ्रमणमा जाने गरेका छन्। कैयन् अमेरिकी विश्व विद्यालयहरूमा नेपाली विद्यार्थीहरू अध्ययनरत छन्। नेपालका धेरै शिक्षाविद्, प्रशासक तथा प्राविधिज्ञहरूले अमेरिकामा तालीम हासिल गरेका छन्।

पूर्वी र पश्चिमी यूरोपमा नेपालसित दौत्य सम्बन्ध भएका मुलुकहरूसित नेपालको मैत्रीपूर्ण सम्बन्ध रहेको छ। नेपालको विकास अभियानमा योगदान गर्ने पश्चिमी मुलुकहरूमा संघीय गणतन्त्र जर्मनीको निकै ठूलो भूमिका रहेको छ। पश्चिम जर्मनीले नेपालको शान्ति-क्षेत्र प्रस्तावप्रति समर्थन जनाउँदै यसबाट दक्षिण एशियामा स्थायित्व ल्याउन सहयोग पुग्न सक्ने आशा व्यक्त गरेको छ। पश्चिम जर्मनीले नेपालको असंग्लन परराष्ट्र नीतिको पनि पूर्ण समर्थन गर्दै आएको छ। संयुक्त राष्ट्र संघमा जर्मन र नेपाली प्रतिनिधिहरूका बीच निकटतम सहयोग रहिआएको छ। काठमाडौंको थापाथलीमा रहेको प्राविधिक प्रशिक्षण केन्द्रबाट प्रारम्भ भएको पश्चिम जर्मनीको आर्थिक सहयोग आज कृषि विकास, जलस्रोत, पर्यटन र सांस्कृतिक सम्पदाको संरक्षण जस्ता विविध र महत्त्वपूर्ण क्षेत्रहरूमा फैलिन गएको छ।

अफ्रिका र ल्याटिन अमेरिकाका मुलुकहरूसित नेपालको सौहार्दपूर्ण सम्बन्धहरू रहिआएको छ। असंलग्नता तथा राष्ट्रसंघ प्रति समान आस्था नेपाल र अफ्रिकी मुलुकहरूका बीच सम्बन्धका आधार हुन्। यिनै सिद्धान्त र दृष्टिकोणका आधारमा आर्थिक र राजनीतिक न्यायका निम्ति नेपाल र अफ्रिकी मुलुकहरू समान रूपले प्रयत्नशील छन्। अफ्रिकामा भूपरिवेष्टित तथा अति कम विकसित राष्ट्रहरूसित समन्वय राखी त्यस्ता राष्ट्रहरूको हितमा अन्तर्राष्ट्रिय कदमहरूको कार्यान्वयन गराउन नेपालले सक्दो प्रयास गरिआएको छ। रंगभेद र उपनिवेशवादको विरोधमा पनि नेपाल र अफ्रिकी मुलुकहरू समान रूपले समर्पित छन्। नामिवियाका जनताको न्यायोचित संघर्षको नेपालले दृढ समर्थन गरेबाट अफ्रिकामा नेपालप्रति ठूलो सद्भावना रहेको छ। दक्षिण अफ्रिकाको रंगभेद नीतिको विरोध गर्न संयुक्त राष्ट्रसंघमा स्थापित रंगभेद विरोधी विशेष समितिको नेपाल संस्थापक सदस्य हो। यसरी समान आदर्शहरूबाट प्रेरित भएको हुनाले नेपाल र अधिकांश अफ्रिकी राष्ट्रहरूका बीच वर्तमान युगका महत्त्वपूर्ण राजनैतिक र आर्थिक प्रश्नहरूमाथि समान धारणा र दृष्टिकोण रहेको छ।

भौगोलिक दृष्टिले टाढा रहेता पनि ल्याटिन अमेरिकासित नेपालको अधिकांश राजनैतिक र आर्थिक विषयहरूमा सैद्धान्तिक सामीप्य रहेको छ। संयुक्त राष्ट्रसंघ, असंलग्न अभियान र अन्य अन्तर्राष्ट्रिय मंचहरूमा कतिपय महत्त्वपूर्ण प्रश्नहरूमाथि नेपाल र ल्याटिन अमेरिका र क्यारिवियन मुलुकहरूले सहयोगात्मक कदम चाल्ने गरेका छन्। त्यस क्षेत्रका जनताहरूको भावना अनुरूप नेपालले मध्य अमेरिका र क्यारिवियन क्षेत्रमा विना बाहिरी हस्तक्षेप आफ्नो भाग्यको जनताले आफैं निर्णय गर्ने अधिकारको पूर्ण समर्थन गरी आएको छ। कतिपय ल्याटिन अमेरिकी र क्यारिवियन क्षेत्रका देशहरूले नेपालको शान्ति क्षेत्र प्रस्तावप्रति समर्थन जनाएर नेपालप्रति सद्भावनाको परिचय दिएका छन्।